# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक ८४ | काठमाडौं | बिहीबार, ३२ असार २०८३ | Prabhab National Daily | Thursday, 16 July 2026 | www .prabhabonline .com | पृष्ठ ८ | मूल्य रू. ५ ।-


# सुकुमबासीको पुनर्स्थापना माग गर्दै जरूरी महत्त्वको प्रस्ताव दर्ता



- भूमिहीन, सुकुमबासी र अव्यवस्थित बसोबासीको निष्कासनबारे प्रतिनिधिसभामा जरूरी सार्वजनिक महत्त्वको प्रस्ताव दर्ता
- प्रमुख विपक्षी नेता भीष्मराज आङ्देम्बे प्रस्तावक र समर्थकहरु एमाले प्रमुख सचेतक ऐन महर, नेकपा प्रमुख सचेतक युवराज दुलाल र श्रम संस्कृति पार्टीका सचेतक आरेन राई
- वैशाखमा दुई हजार ६१६ घरधुरीका ११ हजार एक जना विस्थापित भए पनि दुई महिनासम्म स्थायी पुनर्स्थापना हुन नसकेको दाबी
- होल्डिङ सेन्टरमा आधारभूत सेवाको अभाव र राहत वितरणमा अनधिकृत व्यक्तिको संलग्नतामाथि प्रश्न
- सर्वोच्च अदालतको आदेश, संविधानले सुनिश्चित गरेको आवासको हक र मानवअधिकारका मान्यता बेवास्ता गरिएको आरोप

■ **जेबी योञ्जन**

**काठमाडौं–** भूमिहीन, सुकुमबासी र अव्यवस्थित बसोबासीको जबर जस्ती निष्कासन, पुनर्स्थापनामा भएको ढिलाइ र विस्थापित नागरिकको दयनीय अवस्थालाई लिएर प्रतिनिधिसभामा जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव दर्ता भएको छ ।

प्रमुख प्रतिपक्षी नेपाली कांग्रेस संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले दर्ता गराएको उक्त प्रस्तावमा नेकपा एमालेका सचेतक ऐन महर, नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का प्रमुख सचेतक युवराज दुलाल र श्रम संस्कृति पार्टीका आरेन राईले समर्थन गरेका छन् ।

प्रस्तावमा सरकारले गत वैशाख दोस्रो साता काठमाडौं उपत्यकासहित देशका विभिन्न नदी किनार र सार्वजनिक जग्गामा रहेका बस्तीमा पर्याप्त तयारी, सुकुमबासीसँग परामर्श र दीर्घकालीन पुनर्स्थापना योजनाविनै डोजर चलाएको आरोप लगाइएको छ । संविधानले प्रत्याभूत गरेको आवासको हक, मानवअधिकारका मान्यता र सर्वोच्च अदालतको आदेशलाई बेवास्ता गरिएको दाबी पनि प्रस्तावमा गरिएको छ । सरकारी तथ्यांकअनुसार वैशाख १२ देखि २५ गतेसम्म दुई हजार ६१६ घरधुरीका ११ हजार एक जना विस्थापित भएका थिए । उनीहरूलाई होटल, आश्रम, अपार्टमेन्ट र सरकारी तालिम केन्द्रलगायतका स्थानमा अस्थायीरूपमा राखिएको थियो ।

जिल्ला प्रशासन काठमाडौंले १० देखि १५ दिनभित्र उचित बसोबासको व्यवस्था गरिने जनाएको भए पनि दुई महिनाभन्दा बढी समय बितिसक्दा पनि स्थायी पुनर्स्थापना हुन नसकेको सकेको छैन । प्रस्तावमा होल्डिङ सेन्टरको अवस्थालाई पनि गम्भीररूपमा उठाइएको छ । संसदीय अनुगमनका क्रममा त्यहाँ आधारभूत सेवाको अभाव देखिएको उल्लेख छ । एउटै कोठामा पाँच जनासम्म बस्न बाध्य भएको, स्वच्छ खानेपानी, पर्याप्त शौचालय, पौष्टिक खाना, औषधि र स्वास्थ्य सेवाको अभाव रहेको दाबी गरिएको छ ।

क्रमशः पृष्ठ २ मा

# सातवटै प्रदेशमा एमालेसँग सत्ता सहकार्य तोड्दै कांग्रेस

- बजेटमा असन्तुष्टि जनाउँदै बुधबार कर्णाली सरकारमा सहभागी कांग्रेसका मन्त्रीहरूले दिए राजीनामा
- सुदूरपश्चिमका मुख्यमन्त्री कमलकुमार शाहले एमालेबाट सरकारमा सहभागी चार मन्त्रीलाई पदबाट हटाएको दाबी
- कांग्रेसको विकल्पः नेकपासँग मिलेर सरकार बनाउने वा प्रतिपक्षमा बस्ने





हामीले एमालेसँगको सहकार्य निरन्तरता दिने प्रयास गरेकै हो । तर सफल हुन सकेन । अब सातै प्रदेशमा नयाँ सरकार बन्छ ।

■ **योगेन्द्र चौधरी**
**सहमहामन्त्री, नेपाली कांग्रेस**



शीर्ष तहमा कुराकानी गरेर अघि बढ्ने सहमति भएको थियो । कांग्रेसले एकपक्षीय रूपमा सहमति तोडेकोबारे जानकारी छैन ।

■ **निरज आचार्य**
**प्रचार विभाग प्रमुख, नेकपा एमाले**

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाली कांग्रेसले सातवटै प्रदेशमा नेकपा एमालेसँग गरेको सत्ता गठजोड तोड्ने तयारी गरेको छ । २०८१ असार १७ गते कांग्रेसका तत्कालीन सभापति शेरबहादुर देउवा र एमालेका अध्यक्ष केपी शर्मा ओलीबीच भएको सहमति सभापति गगन थापाले तोड्न लागेका हुन् ।

कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशमा कांग्रेस-एमालेको गठबन्धनमा देखिएको झगडा सतहमा आएसँगै कांग्रेसले सत्ता सहकार्य तोड्ने तयारी गरेको हो । सुदूरपश्चिम र कर्णाली प्रदेशको कलह अरू प्रदेशमा पुग्ने देखिएकोले पहिले नै सत्ता सहकार्य तोड्ने तयारी कांग्रेसले गरेको सहमहामन्त्री योगेन्द्र चौधरीले बताए । 'हामीले एमालेसँगको सहकार्य निरन्तरता दिने प्रयास गरेकै हो । तर सफल हुन सकेन । अब सातै प्रदेशमा नयाँ सरकार बन्छ,' चौधरीले भने ।

पूर्वसहमतिअनुसार बागमती, गण्डकी र सुदूरपश्चिममा सरकारको नेतृत्व कांग्रेसले लिएको छ । कोशी, लुम्बिनी, कर्णालीमा एमालेले नेतृत्व गरिरहेको छ । मधेस सरकारको नेतृत्व जनमत पार्टीले पाएको भए पनि त्यहाँ विकसित राजनीतिक घटनाक्रमबाट कांग्रेसले नै सरकारको नेतृत्व गर्ने अवसर पाएको छ ।

कांग्रेस नेताहरूका अनुसार एमालेसँग सत्ता सहकार्य तोडेपछि सातै प्रदेशमा कांग्रेस एक्लैले सरकार बनाउने अवस्था छैन । त्यसैले कि त नेपाल कम्युनिस्ट पार्टी (नेकपा)सँग मिलेर सरकार बनाउने प्रयास हुने नभए संघमाझैं प्रतिपक्षमा बस्नुपर्ने अवस्था आउनसक्ने नेताहरू बताउँछन् । कांग्रेसले नेकपालाई मनाउन नसके एमाले र नेकपाको सरकार बन्ने सम्भावनासमेत देखिएको छ ।

कांग्रेस र एमालेबीच आलोपालो सरकार चलाउने सहमति यसअघि भएको थियो । त्यहीअनुसार अघि बढ्न सभापति थापाले प्रस्ताव गरे पनि ओलीसँग यस विषयमा सहमति हुन नसकेको कांग्रेस नेताहरू बताउँछन् ।

बजेटमा असन्तुष्टि जनाउँदै बुधबारमात्र कर्णाली सरकारमा सहभागी कांग्रेसका मन्त्रीहरूले राजीनामा दिएका छन् । सामाजिक विकासमन्त्री घनश्याम भण्डारी, आर्थिक मामिला तथा योजनामन्त्री राजीवविक्रम शाह, उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री सुरेश अधिकारी, जलस्रोत तथा ऊर्जा विकासमन्त्री विजया बुढाले बुधबार पदबाट राजीनामा दिएका हुन् ।

क्रमशः पृष्ठ २ मा

## ६ वटा प्रदेशमा नेकपा निर्णायक, मधेसमा जसपा

एमालेको साथ छाडेर सातै प्रदेशमा कांग्रेसले सरकार बनाउन चाहे नेपाल कम्युनिस्ट पार्टी (नेकपा)को सहयोग लिनुपर्ने हुन्छ । अथवा नेकपाले साथ दिएको खण्डमा एमालेले पनि सत्ता समीकरण गर्न सक्छ ।

कोशी प्रदेशसभामा हाल ९२ सिट कायम छ । जसमध्ये एमालेका सांसदहरूको संख्या ४० र कांग्रेसका सांसदको संख्या २९ रहेको छ । यहाँ नेकपासँग १७, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) सँग पाँच र जनता समाजवादी पार्टी (जसपा) सँग एक जना प्रदेशसभा सदस्य छन् । कोशी प्रदेशसभामा बहुमतका लागि ४७ सांसदको समर्थन आवश्यक पर्छ । दुई ठूला दलबीचको सहकार्य टुटेपछि अब १७ सिट भएको नेकपा 'निर्णायक शक्ति' बनेको छ ।

४० सिट भएको एमालेले १७ सिटको नेकपासँग मिलेमा झण्डै दुईतिहाइ पुग्ने बलियो अवस्था रहन्छ । २९ सिटको कांग्रेसका लागि नेकपाले समर्थन गरे सरकार बनाउन आँट गर्ने छ । कांग्रेस र नेकपाकोमात्रै सहकार्य भए विश्वासको मत लिने प्रक्रियामा सभामुख निर्णायक हुने छन् ।

मधेस प्रदेशसभामा हाल १०३ सदस्य कायम छन् । यहाँ २८ सांसद रहेको जसपा नेपाल सबैभन्दा ठूलो दलका रूपमा रहेको छ ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# आइएलओका श्रमसम्बन्धी दुईवटा प्रोटोकल प्रतिनिधिसभाबाट पारित

■ **प्रभाव संवाददाता**



**काठमाडौं–** प्रतिनिधिसभाबाट अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ) का दुई वटा महत्त्वपूर्ण प्रोटोकल पारित भएका छन् । बुधबारको प्रतिनिधिसभा बैठकबाट बाध्यकारी श्रम महासन्धि, १९३० सम्बन्धी सन् २०१४ को प्रोटोकल नं २९ र श्रम निरीक्षणसम्बन्धी महासन्धि, १९४७ को प्रोटोकल नं ८१ सर्वसम्मत अनुमोदन भएको हो ।

सदनमा युवा, श्रम तथा रोजगारमन्त्री रामजी यादवले प्रोटोकल नं २९ र ८१ को प्रावधानलाई अनुमोदनका लागि प्रस्ताव गरेका थिए । उक्त प्रस्तावमाथिको छलफलमा सांसदहरूले नेपालले विभिन्न महासन्धिमा हस्ताक्षर गर्दै आए पनि कार्यान्वयनको पक्ष प्रभावकारी नदेखिएको भन्दै सरकारको ध्यानाकर्षण गराएका थिए । मन्त्री यादवले सांसदहरूको प्रश्नको जवाफ दिँदै अनुमोदित प्रोटोकलको प्रभावकारी कार्यान्वनलाई उच्च प्राथमिकतामा राखिने बताए । कानुन उल्लंघन गर्ने जो कोहीलाई कारबाही गरिने उनको भनाइ थियो ।

सांसद ज्ञानु पौडेलले नेपालीहरूले वैदेशिक रोजगारीमा झेल्दै आएका विभिन्न समस्याको समाधानमा जोड दिनुपर्ने बताइन् । 'वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिकमध्ये केहीले राहदानी नियन्त्रण, तलब नपाउने, जबरजस्ती श्रम र अन्य श्रम शोषणको सामना गर्नुपरेको अवस्था छ,' उनले भनिन्, 'महिला र बालबालिका र झनै जोखिममा छन् । प्रोटोकल अनुमोदनसँगै स्पष्ट राष्ट्रिय कार्ययोजना, पर्याप्त स्रोत साधन र प्रभावकारी कानुनी संयन्त्र निर्माण गर्न जरुरी छ ।'

पौडेलले विगतमा भएका महासन्धिको स्मरण गर्दै ती सन्धिहरूको स्थानीयकरण र कार्यान्वयन हुन नसकेको बताइन् । रोजगारीमा जाने श्रमिकलाई सीपयुक्त बनाएर पठाउनपर्ने र आवश्यक कानुनी सुधार गरी श्रम ऐनको पूर्णपालना, श्रम अडिट र श्रम निरीक्षणको प्रभावकारिता सुनिश्चित गर्नुपर्ने उनको भनाइ थियो ।

सांसद श्रद्धा कुँवरले कूल गार्हस्थ उत्पादन (जिडिपी)को ठूलो हिस्सा रेमिटचान्सले धानेको हाम्रो मुलुकमा प्रोटोकल २९ को कार्यान्वयनले कुनै पनि नागरिक या श्रमिकलाई बाध्यतामा पारेर वा डरले श्रममा लगाउन नपाउने बताइन् । यसले गरिबी निवारण एवं पीडित श्रमिकले क्षतिपूर्ति पाउने व्यवस्था पनि मजबुत बनाउने कुँवरको भनाइ छ ।

क्रमशः पृष्ठ २ मा

# व्यवसायीसँग सुझाव लिँदै संघ

**काठमाडौं (प्रस)–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघले सरकारका पछिल्ला गतिविधिबारे व्यवसायीको राय लिने कार्य अघि बढाएको छ । व्यवसायीले दिएको सल्लाहअनुसार अघि बढ्ने उद्देश्यले सबैलाई गुगल फाराम वितरण गरिएको संघले जनाएको छ ।

संघले मंगलबार युवा, श्रम तथा रोजगारमन्त्री रामजी यादव र सचिव डा. दीपक काफ्लेसँग छलफल गरेर पछिल्लो समय व्यवसायीमाथि गरिएको कारवाही र धरपकडले व्यवसाय गर्न नसक्ने अवस्था सिर्जना भएको अवगत गराएको थियो । त्यसपछि आ-आफ्नो धारणा सबै व्यवसायीलाई राख्न फाराम वितरण गरिसकिएको संघका महासचिव हरिबहादुर डाँगीले बताए । भारतीय विमानस्थलबाट श्रमिक पठाउने ५९८ वटा व्यवसायीलाई वैदेशिक रोजगार विभागले कारबाही गरेपछि व्यवसायीहरू आक्रोशित छन् ।

अब व्यवसायीको राय, सुझावअनुसार अगाडि बढ्ने महासचिव डाँगीले बताए । 'विभाग र मन्त्रालयले गरेका क्रियाकलाप कस्तो लागेको छ । कस्तो खालको आन्दोलनकहिलेबाट गर्नेलगायतका प्रश्नहरू छन्,' उनले भने, 'उहाँहरूको रायअनुसार अगाडि बढ्छौं । सरकारलाई सहयोग गर्नेगरी कानुन र ऐन संशोधन नहुँदासम्म व्यवसाय बन्द हुनसक्ने अवस्था आएको छ ।' संघले सोमबार विभागकी महानिर्देशक मीरा आचार्यसँग गरेको छलफलमा सकारात्मक संकेत नपाएको उनले बताए ।

क्रमशः पृष्ठ २ मा


## विज्ञापन वापतको रकम भुक्तानी गर्नेबारे अत्यन्त जरुरी सूचना

यस **प्रभाव राष्ट्रिय दैनिक**मा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका विज्ञापन एजेन्सी तथा अन्य विज्ञापनदाताहरूले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको **बाँकी बक्यौता रकम भुक्तानी**का लागि पटक पटक मौखिक तथा लिखित अनुरोध गर्दा पनि भुक्तानी नगर्नु भएकोले यही **मिति २०८३ असार ३२ गते**भित्र भुक्तानी गर्नुहुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस **प्रभाव राष्ट्रिय दैनिक**को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हालसम्म उपलब्ध गराइएको कमिसन सुविधासमेत उपलब्ध गराउन नसकिने तथा रकम भुक्तानी नगर्ने कम्पनी, संस्थाहरूका सञ्चालकको नाम र फोटो सहित सार्वजनिक गरी रकम भुक्तानीका लागि कानून वमोजिम कार्वाही अगाडि बढाइने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

लेखा शाखा
**प्रभाव पब्लिकेसन प्रा.लि.**
सिफल-७, काठमाडौं, नेपाल, फोन: ९७७-१-४३७३५७७, ४५८४३६८, मोबाइल नं. ९७६१८१५४००
Email:Marketing2prabhab@gmail .com

## पृष्ठ १ बाट क्रमश:

पृष्ठ १ बाट क्रमश:

## सातवटै प्रदेशमा...

यहाँ एमालेका यमलाल कँडेल मुख्यमन्त्री छन् ।

यता बजेट विवादकै कारण सुदूरपश्चिमका मुख्यमन्त्री कमलकुमार शाहले एमालेबाट सरकारमा सहभागी चार मन्त्रीलाई पदबाट हटाएको दाबी गरेका छन् । एमालेबाट सरकारमा रहेका भौतिक पूर्वाधार विकासमन्त्री सुरेन्द्र पाल, भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री वीरबहादुर थापा, आन्तरिक मामिला तथा कानुनमन्त्री हिरा सार्की र भौतिक पूर्वाधार राज्यमन्त्री निर्मला साउदलाई पदमुक्त गरेको शाहले बताएका हुन् । शाह कांग्रेस नेता हुन् ।

यसै विषयलाई मध्यनजर गर्दै ओलीले कोशी प्रदेशमा एमाले नेता हिक्मत कार्की नेतृत्वको सरकारले ल्याएको बजेट र सुदूरपश्चिममा कांग्रेस नेता शाह नेतृत्वको सरकारले ल्याएको बजेट असफल बनाउनुपर्ने प्रस्ताव कांग्रेससँग गरेका थिए । ओलीले कोशीमा कार्कीलाई हटाएर एमालेकै तिलकुमार मेन्याङ्बोलाई र सुदूरपश्चिममा कांग्रेसकै मुख्यमन्त्री बनाउन प्रस्ताव गरेका थिए । तर प्रदेशको नेतृत्वमै आलोपालो गर्नुपर्ने प्रस्ताव लिएर अघि बढेको कांग्रेस ओलीको प्रस्ताव मान्न तयार भएनन् । योसँग कांग्रेस एमालेको प्रदेशका सत्ता संकटमा परेको हो ।

एमालेका नेताहरू भने सत्ता समीकरण जोगाउन एमाले प्रयासरत रहेको बताउँछन् । एमाले प्रचार विभाग प्रमुख निरज आचार्य दुवै पक्षले कुराकानी गरेर अगाडि बढाउने समझदारी रहेको बताउँछन् । 'शीर्ष तहमा कुराकानी गरेर अघि बढ्ने सहमति भएको थियो । यसबारे थप निर्णय आएको छैन,' आचार्यले भने ।

■■■

## ६ वटा...

मधेसमा एमालेका २४, कांग्रेसका २२, जनमत पार्टीका १२, नेकपाका १५, नेपाल संघीय समाजवादी पार्टीका एक र राप्रपाका एक जना प्रदेशसभा सदस्य छन् ।

यहाँ नेकपाले कांग्रेस र एमालेमध्ये जोसँग सत्ता समीकरणको सहमति गरे पनि सरकार गठन भइहाल्न सहज देखिँदैन । मधेस प्रदेशमा नेकपासँग नमिल्ने कुनै एक दलले जसपा नेपालसँग सहकार्य गरेर सरकार गठन गर्न सक्ने देखिन्छ ।

बागमती प्रदेशसभामा हाल १०४ जना सांसद छन् । यहाँ ३६ प्रदेशसभा सदस्य रहेको कांग्रेस पहिलो दल छ । यहाँ एमालेको २५, नेकपाको २६, राप्रपाको १२ सिट रहेको छ भने नेमकिपाको तीन र हाम्रो नेपाली पार्टीको दुई सिट रहेको छ । कांग्रेस, एमाले र नेकपामध्ये कुनै दुई मिल्दा बागमती प्रदेशमा सहजै सरकार बनाउन सक्छन् ।

गण्डकी प्रदेशमा कांग्रेससँग २७, एमालेसँग २२, नेकपासँग आठ, राप्रपासँग दुई र एक स्वतन्त्र सांसद रहेका छन् । ६० सदस्यीय गण्डकीमा पनि नेकपा निर्णायक छ । लुम्बिनी प्रदेशसभामा विभिन्न दलका गरी ८३ सदस्य रहेका छन् । लुम्बिनीमा २९ सिटसहित एमाले पहिलो र २७ सिटसहित कांग्रेस दोस्रो ठूलो दलका रूपमा देखिन्छ । यहाँ पुष्पकमल दाहाल नेतृत्वको नेकपाका १३, राप्रपाका चार, जसपा नेपालका तीन, जनमत पार्टीका तीन, जसपाका दुई, राष्ट्रिय जनमोर्चाका एक र एक स्वतन्त्र सांसद छन् ।

कर्णाली प्रदेशसभा हाल ३९ सदस्यीय रहेको छ । यहाँ कांग्रेससँग १४, नेकपासँग १३, एमालेसँग १० र राप्रपासँग एक सांसद छन् । कर्णाली प्रदेशसभामा एक जना स्वतन्त्र सांसद छन् । ४० सदस्यीय प्रदेशसभामा सरकार बनाउन २० सिट आवश्यक पर्छ । तीन पार्टीमध्ये दुई मिले पनि सहजै सरकार बनाउन सक्छन् ।

५३ सदस्यीय सुदूरपश्चिम प्रदेशसभामा कांग्रेसका १८, एमालेका ११, नेकपाका १५, नागरिक उन्मुक्तिका सात, राप्रपाको एक र एक स्वतन्त्र सांसद छन् । सुदूरपश्चिम प्रदेशसभामा हाल ५१ जनामात्र छन् । पदको दुरूपयोग र सम्पत्ति आर्जनको मुद्दा लागेका नेकपाका प्रदेशसभा सदस्य दीर्घबहादुर सोडारीको पद निलम्बनमा छ । स्वतन्त्रबाट विजयी डा. तारा जोशीको राजीनामाले एक सिट रिक्त छ ।

■■■

## सुकुमबासीको...

गर्भवती, सुत्केरी, शिशु, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति र दीर्घरोगी सबैभन्दा बढी प्रभावित भएको प्रस्तावमा भनिएको छ । सरकारले प्रत्येक परिवारलाई २५ हजार रूपैयाँ उपलब्ध गराएर पाँच दिनभित्र होल्डिङ सेन्टर खाली गर्न निर्देशन दिएको पनि प्रस्तावमा उल्लेख छ । तर, कागजात वा बैंक विवरण नमिलेकाले कतिपय परिवारले राहत रकम नै नपाएको दाबी गरिएको छ । राहत नपाएकाहरूलाई खाना रोकिएको र आफन्तकोमा जान बाध्य बनाइएको आरोप पनि प्रस्तावमा समेटिएको छ ।

कीर्तिपुरस्थित राधास्वामी होल्डिङ सेन्टर बाढीले डुबानमा परेको घटनालाई पनि प्रस्तावमा समेटिएको छ । त्यहाँ रहेका १५४ जनामध्ये ५४ जनालाई राति उद्धार गर्नुपरेको उल्लेख छ । बाढीले विस्थापित परिवारका लत्ताकपडा, नागरिकता, जन्मदर्तालगायतका कागजात, औषधि तथा बालबालिकाका पुस्तक, कापी, पोसाक र अन्य शैक्षिक सामग्री नष्ट भएको दाबी गरिएको छ । त्यसपछि भक्तपुरको खरिपाटी र बोडे सारिएका परिवारका बालबालिकाको पढाइ र परीक्षा प्रभावित भएको पनि प्रस्तावमा उल्लेख छ ।

राहत तथा विपद् व्यवस्थापनमा अनधिकृत व्यक्तिको भूमिकामाथि पनि प्रस्तावमार्फत प्रश्न उठाइएको छ । 'राहत तथा विपद् व्यवस्थापनमा अनधिकृत व्यक्तिको भूमिकामाथि पनि प्रश्न उठेको छ । गृह मन्त्रालयको सचिवालयसँग सम्बन्धित तथा सत्तारूढ दलका सदस्यका रूपमा चिनाइएका व्यक्तिलाई होल्डिङ सेन्टरमा विशेष पहुँच दिइएको तर राहत र मानवअधिकारको अवस्थाबारे बुझ्न पुगेका अभियन्तालाई बाहिर निकालिएको आरोप सार्वजनिक भएको छ,' प्रस्तावमा छ ।

प्रस्तावमा ती व्यक्तिले कुन नियुक्ति, अधिकारपत्र वा कानुनी जिम्मेवारीका आधारमा उद्धार, स्थानान्तरण, सुरक्षा परिचालन वा प्रवेश नियन्त्रणमा भूमिका खेले भन्ने विषय सरकारले स्पष्ट गर्नुपर्ने माग गरिएको छ । विस्थापनका कारण नागरिकको मानसिक स्वास्थ्यमा गम्भीर असर परेको विषय पनि प्रस्तावमा उठाइएको छ । बल्खु बस्ती भत्काइएपछि ६१ वर्षीय इन्द्रबहादुर राई मृत अवस्थामा फेला परेको घटना उल्लेख गरिएको छ । संसदीय छलफलमा काठमाडौंमा थप दुई जनाले आत्महत्या गरेको विषय पनि उठाइएको प्रस्तावमा जनाइएको छ ।

'यस्ता मृत्यु र विस्थापनबीचको सम्बन्ध स्वतन्त्र अनुसन्धानबाट पुष्टि हुनुपर्ने भए पनि मानसिक स्वास्थ्यमा परेको असर र सम्भावित संस्थागत जिम्मेवारीलाई राज्यले सामान्यीकरण गर्न मिल्दैन,' प्रस्तावमा भनिएको छ । सर्वोच्च अदालतको अन्तरिम आदेशसमेत स्मरण गराइएको छ । सर्वोच्चले २०८३ वैशाख २५ गते उचित प्रक्रिया पूरा नगरी र वैकल्पिक व्यवस्था नगरी भूमिहीन तथा अव्यवस्थित बसोबासीलाई जबर्जस्ती हटाउन नपाइने आदेश दिएको उल्लेख छ । विस्थापितलाई आवास, शिक्षा, स्वास्थ्य र खाद्य सहायता सुनिश्चित गर्न पनि अदालतले भनेको प्रस्तावमा उल्लेख गरिएको छ ।

संयुक्त राष्ट्रसंघका मानवअधिकार विज्ञहरूले पनि बलपूर्वक निष्कासन रोक्न, प्रभावित समुदायसँग वास्तविक संवाद गर्न र सम्भावित विकल्प खोज्न आग्रह गरेको प्रस्तावमा छ । सरकारले ती सुझावसमेत कार्यान्वयन नगरेको आरोप लगाइएको छ ।

प्रस्तावमा संविधानको धारा ३७ ले प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक सुनिश्चित गरेको स्मरण गराइएको छ । धारा ३९ ले बालबालिकाको शिक्षा र स्वास्थ्यको हक सुनिश्चित गरेको तथा धारा ४० ले भूमिहीन दलितलाई जमिन र आवास उपलब्ध गराउने राज्यको दायित्व तोकेको उल्लेख छ । यस्ता संवैधानिक व्यवस्थाको प्रभावकारी कार्यान्वयन हुन नसकेको भन्दै सरकारको ध्यानाकर्षण गराइएको छ ।

सांसदहरूले सरकारसँग सात बुँदे माग पनि गरेका छन् । उनीहरूले सात दिनभित्र विस्थापितहरूको प्रमाणित तथ्यांक सार्वजनिक गर्न माग गरेका छन् । प्रत्येक होल्डिङ सेन्टरमा हेल्प डेस्क स्थापना गर्न पनि आग्रह गरेका छन् । सुरक्षित अस्थायी आवास, स्वच्छ पानी, शौचालय, विद्युत् र सुरक्षाको व्यवस्था मिलाउन सरकारलाई आग्रह गरिएको छ ।

त्यसैगरी गर्भवती, सुत्केरी, शिशु, बालबालिका, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति र दीर्घरोगीलाई विशेष स्वास्थ्य सेवा तथा पौष्टिक खाना उपलब्ध गराउन माग गरिएको छ । प्रभावित बालबालिकाको पढाइ निरन्तर हुने वातावरण बनाउन, नष्ट भएका शैक्षिक सामग्री उपलब्ध गराउन र परीक्षा तथा उपस्थितिमा सहुलियत दिन पनि सरकारलाई आग्रह गरिएको छ ।

प्रस्तावमा डोजर, स्थानान्तरण वा बाढीबाट भएको क्षतिको स्वतन्त्र मूल्यांकन गरी उचित क्षतिपूर्ति दिनुपर्ने माग गरिएको छ । प्रभावित समुदायको सहभागितामा तीन महिनाभित्र जग्गा, सामाजिक आवास, भाडा सहायता वा सुरक्षित पुनर्वाससहितको स्थायी योजना ल्याउन पनि सरकारसँग आग्रह गरिएको छ ।

यस्तै, वैकल्पिक आवास, शिक्षा, स्वास्थ्य, क्षतिपूर्ति र जीविकोपार्जनको सुनिश्चितताविना थप बस्ती नहटाउन पनि प्रस्तावमार्फत माग गरिएको छ । वास्तविक भूमिहीन, भूमिहीन दलित र योग्य सुकुमबासीको पहिचान तथा प्रमाणीकरण गरी निश्चित समयसीमाभित्र जग्गाधनी लालपुर्जा वितरण गर्नुपर्ने माग पनि प्रस्तावमा समेटिएको छ । प्रस्तावको अन्त्यमा भूमिहीन र सुकुमबासीको समस्या कुनै दलगत राजनीतिक मुद्दा नभई साझा राष्ट्रिय जिम्मेवारी भएको उल्लेख गरिएको छ ।

'भूमिहीन र सुकुमबासी नागरिकलाई सुरक्षित आवास तथा लालपुर्जा उपलब्ध गराउने विषय निर्वाचनअघि प्राय: सबै राजनीतिक दलको साझा प्रतिबद्धता थियो । त्यसैले यो विषयलाई दलगत आरोप-प्रत्यारोपको माध्यम नबनाई साझा राष्ट्रिय दायित्वका रूपमा स्वीकार गर्नुपर्छ,' प्रस्तावमा छ ।

प्रस्तावमार्फत सरकार, प्रतिपक्ष, स्थानीय तह र प्रभावित समुदायबीच सहकार्य गर्दै संविधान, कानुन र मानवअधिकारका मान्यताअनुसार भूमिहीन तथा सुकुमबासीको दीर्घकालीन र न्यायपूर्ण समाधान तत्काल खोज्न संसदमार्फत सरकारसँग आग्रह गरिएको छ ।

■■■

## आइएलओका...

श्रमिकहरूले मानवअधिकारको हिसाबले हेर्दा यसको अनुमोदन गर्न ढिलाइ भइसकेको सांसद अर्जुनकुमार कार्कीको भनाइ थियो । हिंसारहित कार्यथलोसम्बन्धी आइएलओ महासन्धि १९० र घरेलु श्रमिकसम्बन्धी महासन्धि १८९ लाई अवलम्बन नगरेसम्म श्रमिकको अधिकार पूर्णरूपमा सुनिश्चित गर्न नसकिने उनको सुझाव थियो । यसको जवाफ दिँदै श्रममन्त्री यादवले महासन्धि १८९ र १९० को अनुमोदनलाई प्राथमिकतामा राखी अध्ययन कार्यदलले तयार पारेको प्रतिवेदन अन्तिम चरणमा पुगेकाले यसै वर्ष अनुमोदन हुने बताए ।

पारित भएका प्रोटोकलले बाध्यकारी श्रमको रोकथाम, पीडितको संरक्षण, प्रभावकारी उद्धार, पुनर्स्थापना, क्षतिपूर्ति तथा दोषीमाथि कारबाही सुनिश्चित गर्न सदस्य राष्ट्रलाई दायित्व प्रदान गर्ने सांसद अशोककुमार चौधरीले बताए । नेपालका हजारौं नागरिक वैदेशिक रोजगारीका क्रममा श्रम शोषण, सम्झौताविपरीत काम गर्नुपर्ने र राहदानी नियन्त्रणमा राखिने, अमानवीय व्यवहार सहनपर्ने र उद्धारसमेत कठिन हुने अवस्था छ । यो अवस्था दोहोरिन नदिन पारित भएका प्रोटोकलले सुनिश्चितता प्रदान गर्ने उनको भनाइ छ ।

त्यस्तै, सांसद गंगालक्ष्मी अवालले यस्ता महत्त्वपूर्ण अनुमोदनहरू औपचारिकतामामात्र सीमित हुन नहुने भन्दै सरकारको ध्यानाकर्षण गराइन् । 'महिलाहरूले खाडी मुलुकमा गरिने आप्रवासनलाई औपचारिक मान्यता नदिइँदा खाडीमा घरेलु कामदारका रूपमा कार्यरत महिलाले हिंसा, दुर्व्यवहार र शोषणको सामना गर्दा मनोसामाजिक मनोविमर्शसमेत पाएको छैन । अनुमोदन केवल औपचारिकतामा सीमित नहोस्,' उनले भनिन् ।

हाल नेपालका श्रमिकहरू राष्ट्रिय र अन्तर्राष्ट्रिय श्रमबजारमा विभिन्न जोखिमयुक्त काम गरिरहेका छन् । उनीहरूको उपयुक्त निरीक्षण नहुँदा ठूलो चुनौती थपिएको छ । यो प्रावधान स्वीकार गरिसकेपछि यसले नेपालीहरूको कार्यक्षेत्रको निरीक्षण गर्ने सांसद गुरु बरालको भनाइ थियो ।

■■■

## व्यवसायीसँग...

महासचिव डाँगीका अनुसार आचार्यले कानुनबमोजिम व्यवसायीलाई कारबाही गरेकाले उक्त निर्णयमा हेरफेर गर्न नसक्ने जनाएकी थिइन् । मन्त्रालयसँगको छलफलमा पनि उक्त विषयमा विभागकी महानिर्देशकसँग बुझ्ने जवाफ दिइएको थियो । जसपश्चात् संघले व्यवसायीले जनाएको प्रतिबद्धताअनुसार अघि बढ्ने निर्णय गरेको जानकारी दिइएको छ ।


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनी दर्ता खारेजी सम्बन्धी १ (एक) दिने सूचना**

यस कार्यालयमा मिति २०७६।०६।१० मा दर्ता भएको प्रा.लि.नं. २२५९६४ को **ट्याङ्गोब्याङ्गो टेक्नोलोजी प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२।१०।०२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनी दर्ता खारेजी सम्बन्धी १ (एक) दिने सूचना**

यस कार्यालयमा मिति २०७७।११।०३ मा दर्ता भएको प्रा.लि.नं. २५५८८४ को **खराज ग्रुप अफ कम्पनीज प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२।१०।२२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८३/०३/३२ गते**

यस कम्पनीको मिति २०८२/०९/१० मा सम्पन्न भएको विशेष साधारण सभाद्वारा यस **जे.एम.डि. ग्लोबल प्रा.लि.** को नाम परिवर्तन गरी **जे.के. कम्पोसाईट्स नेपाल प्रा.लि. (दर्ता नम्बर ३८१६५४)** कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८२/०९/१४ गतेको निर्णय अनुसार स्वीकृति प्रदान गरिएको छ । साथै साविकको नाममा रहेको चल अचल सम्पत्ति तथा तिर्नु पर्ने दायित्व यसै कम्पनीले सकार्ने व्यहोर्ने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कर्मचारी नरहेको सम्बन्धी सूचना**

यस All Asia Overseas Pvt. Ltd. (ई.प.नं. १३०५/०७४/०७५) मा कार्यरत **सिता भट्टराई** (ना.प्र.प्र.नं.१०४५/१९५) यहि मिति : ३१/०३/२०८३ बाट यस प्रा.लि. मा नरहेको हुनाले निजबाट यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

All Asia Overseas Pvt.Ltd
Ratopul, Gaushala-7, Kathmandu, Nepal, Swostika Pariyar : 9706125170
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com
श्रम ईजाजत नं. १३०५/०७४/०७५

**टिम बृहत डेभलपर्स प्राइभेट लिमिटेडलाई खारेज गर्ने सम्बन्धमा सूचना**

श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा मिति २०७६/०१/१५ मा दर्ता भएको प्रा.लि.नं. २१३९७४/०७५/०७६ रहेको **टिम बृहत डेभलपर्स प्राइभेट लिमिटेड**, काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ३ को मिति २०८२/१२/१३ मा बसेको विशेष साधारण सभाको निर्णयानुसार यस कम्पनीलाई कम्पनी ऐन, २०६३ को दफा १३६(क) अनुसार खारेज लिक्वीडेसन) मा लैजाने विशेष प्रस्ताव पारित भएकोले कम्पनी ऐन, २०६३ अर्न्तगत रहि कम्पनीको खारेजी (लिक्वीडेसन) प्रक्रिया शुरु गरिएको छ । तसर्थ कम्पनीले तिर्न व्यहोर्न पर्ने ऋण, धन, अन्य दायित्व एवं कोही कसैसँग कुनै लेनदेन बाँकी भए यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र तल उल्लेखित कम्पनीको रजिष्टर्ड कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ । कम्पनी ऐन, २०६३ मा व्यवस्था भए बमोजिम दायित्व भुक्तान गरि बाँकी रहेको जायजेथा कम्पनीका सेयरधनीहरू लाई बाँडिने हुनाले तोकिएको म्याद भित्र दावी नगरिएमा पछि कसैको कुनै प्रकारको दावी नलाग्ने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ ।

**टिम ट्युरिजम एण्ड हस्पिटालिटी प्राइभेट लिमिटेडलाई खारेज गर्ने सम्बन्धमा सूचना**

श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा मिति २०७८/०५/१७ मा दर्ता भएको प्रा.लि.नं. २७०१८३/०७८/०७९ रहेको **टिम ट्युरिजम एण्ड हस्पिटालिटी प्राइभेट लिमिटेड**, काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ९ को मिति २०८३/०३/१२ मा बसेको एकल संचालकको लिखित निर्णयानुसार यस कम्पनीलाई कम्पनी ऐन, २०६३ को दफा १३६(क) अनुसार खारेज (लिक्वीडेसन) मा लैजाने विशेष प्रस्ताव पारित भएकोले कम्पनी ऐन, २०६३ अर्न्तगत रहि कम्पनीको खारेजी (लिक्वीडेसन) प्रक्रिया शुरु गरिएको छ । तसर्थ कम्पनीले तिर्न व्यहोर्न पर्ने ऋण, धन, अन्य दायित्व एवं कोही कसैसँग कुनै लेनदेन बाँकी भए यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र तल उल्लेखित कम्पनीको रजिष्टर्ड कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ । कम्पनी ऐन, २०६३ मा व्यवस्था भए बमोजिम दायित्व भुक्तान गरि बाँकी रहेको जायजेथा कम्पनीका सेयरधनीहरू लाई बाँडिने हुनाले तोकिएको म्याद भित्र दावी नगरिएमा पछि कसैको कुनै प्रकारको दावी नलाग्ने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ ।


## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

**बिहीबार, ३२ असार, २०८३**

| | |
|---|---|
| **मेष** | नयाँ कामको अवसर प्राप्त हुन सक्छ । खर्च नियन्त्रणमा राखे आर्थिक सन्तुलन कायम रहनेछ । |
| **वृष** | परिवारसँगको सम्बन्ध अझ सुमधुर बन्नेछ । धैर्यका साथ काम गर्दा राम्रो परिणाम मिल्नेछ । |
| **मिथुन** | लामो समयदेखि रोकिएको काम अघि बढ्ने संकेत छ । अनावश्यक विवादबाट टाढा रहनु उचित हुनेछ । |
| **कर्कट** | आत्मविश्वास बढ्ने दिन छ । स्वास्थ्यमा सामान्य ध्यान दिनु राम्रो हुनेछ । |
| **सिंह** | कार्यक्षेत्रमा प्रशंसा र जिम्मेवारी दुवै बढ्न सक्छ । नयाँ योजना सुरु गर्न अनुकूल समय छ । |
| **कन्या** | अध्ययन, अनुसन्धान वा सीप विकासमा प्रगति हुनेछ । आर्थिक निर्णय सोचविचार गरेर गर्नुहोस् । |
| **तुला** | साझेदारीका काममा सफलता मिल्ने सम्भावना छ । आफन्तसँग भेटघाटले मन प्रसन्न रहनेछ । |
| **वृश्चिक** | मेहनतअनुसार उपलब्धि प्राप्त हुनेछ । रिस र आवेग नियन्त्रण गर्न सके दिन सहज रहनेछ । |
| **धनु** | यात्रा वा नयाँ अनुभवको अवसर मिल्न सक्छ । सकारात्मक सोचले काममा सफलता दिलाउनेछ । |
| **मकर** | अधुरा काम पूरा गर्ने राम्रो अवसर मिल्नेछ । आर्थिक पक्ष क्रमश: बलियो बन्दै जाने संकेत छ । |
| **कुम्भ** | साथीभाइको सहयोगले महत्त्वपूर्ण काम सम्पन्न हुनेछ । नयाँ सम्बन्ध विस्तार हुन सक्छ । |
| **मीन** | सिर्जनात्मक कार्यमा सफलता मिल्नेछ । स्वास्थ्य, आराम र खानपानमा ध्यान दिनु लाभदायक हुनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६९६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ४२५५५४०/४२५५५४१ ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

**३२ असार, २०८३ (१६ जुलाई २०२६)**

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १५२ .७० | १५३ .३० |
| युरो | १ को | १७४ .५५ | १७५ .२४ |
| पाउन्ड स्टिर्लङ | १ को | २०४ .४७ | २०५ .२८ |
| स्विस फ्रैन्क | १ को | १८८ .६६ | १८९ .४० |
| अस्ट्रेलियन डलर | १ को | १०६ .०० | १०६ .४१ |
| क्यानाडियन डलर | १ को | १०७ .९९ | १०८ .४२ |
| सिङगापुर डलर | १ को | ११८ .१९ | ११८ .६६ |
| जापानी येन | १० को | ९ .४३ | ९ .४६ |
| चिनियाँ युआन | १ को | २२ .५३ | २२ .६२ |
| साउदी अरब रियाल | १ को | ४० .६७ | ४० .८३ |
| कतारी रियाल | १ को | ४१ .८८ | ४२ .०५ |
| थाई भाट | ख १ को | ४ .५८ | ४ .६० |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४१ .५७ | ४१ .७४ |
| मलेसियन रिङेट | १ को | ३७ .५१ | ३७ .६६ |
| दक्षिण कोरियन वन | १०० को | १० .२३ | १० .२७ |
| स्विडिस क्रोनर | १ को | १५ .८२ | १५ .८८ |
| डेनिस क्रोनर | १ को | २३ .३५ | २३ .४४ |
| हङकङ डलर | १ को | १९ .४८ | १९ .५६ |
| कुवेती दिनार | १ को | ४९६ .१८ | ४९८ .१३ |
| बहराइन दिनार | १ को | ४०४ .९९ | ४०६ .५८ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्याबीधक विनिमय दर बैंकको वेभसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ ।

# विपद्मा नसर्ने रोगको सेवा निरन्तरताको खाँचो



**काठमाडौं–** नेपालमा बढ्दो नसर्ने रोगको जोखिमलाई कम गर्न स्वास्थ्य सेवाको प्रभावकारी एकीकृत पहल आवश्यक रहेकामा जोड दिइएको छ । साथै जोखिमलाई सामना गर्न विपद्का अवस्थामा नसर्ने रोगको सेवा निरन्तरताका लागि संयुक्त प्रयासको खाँचो औंल्याइएको छ ।

नेपाल रेडक्रस सोसाइटीद्वारा सञ्चालित उत्थानशील नसर्ने रोग परियोजनाद्वारा 'विपद्का अवस्थामा नसर्ने रोगको सेवा निरन्तरताको लागि अत्यावश्यक प्रतिकार्य प्याकेज' विषयक छलफल कार्यक्रममा सो खाँचो औंल्याइएको हो । कार्यक्रममा नेपाल रेडक्रस सोसाइटीका महामन्त्री ऋषिरमण खनालले सासाइटीले विभिन्न मानवीय सेवाका गतिविधिलाई निरन्तर जारी रहेको जानकारी दिए ।

स्वास्थ्य सेवा विभाग, नसर्ने रोग तथा मानसिक स्वास्थ्य शाखाका प्रमुख डा.पोमावती थापाले 'नेपालमा नसर्ने रोगको वर्तमान अवस्था, उपलब्धि तथा सन् २०३० सम्मको राष्ट्रिय कार्यदिशा' विषयक प्रस्तुति गर्दै नेपालमा बढ्दो नसर्ने रोगको चुनौतीलाई सम्बोधन गर्न विपद् जोखिम व्यवस्थापनसँग स्वास्थ्य सेवाको प्रभावकारी एकीकृत पहल अपरिहार्य रहेकामा जोड दिए । उनले भने, 'विभिन्न कारणले पछिल्लो समय नेपालमा सरुवाभन्दा नसर्ने रोगको जोखिम उच्च हुँदै गएको छ । यसलाई सम्बोधन गर्न संयुक्त प्रयासको खाँचो पर्दछ ।'

कार्यक्रममा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख प्रदीपकुमार कोइरालाले नसर्ने रोगको जोखिममा रहेका समुदायको पहिचान गरी त्यहीअनुसारको पूर्वतायरी गर्नुपर्ने आवश्यतका औंल्याउ । डेनिस रेडक्रसको देशीय व्यवस्थापक (नेपाल र बंगलादेश) डेभिड फोग्देनले नसर्ने रोगको विश्वव्यापी तथ्यांकलाई अध्ययन गर्दा अवस्था गम्भीर रहेको पाइएको बताए । उनले समुदायमा विपद् प्रतिरोधात्मक स्वास्थ्य प्रणालीको विकास, गैरसरुवा रोगको प्रभावकारी व्यवस्थापन तथा साझेदारीमा आधारित कार्यलाई आगामी दिनमा अझ सशक्तरूपमा अघि बढाउनुपर्नेमा सुझाव दिए ।

नेपाल रेडक्रस सोसाइटी, विपद् व्यवस्थापन विभागका निर्देशक सागर श्रेष्ठले विपद्का अवस्थामा नसर्ने रोगबाट प्रभावित व्यक्तिहरूका लागि स्वास्थ्य सेवाको निरन्तरता सुनिश्चित गर्न बहुपक्षीय सहकार्य र नीतिगत समन्वय आवश्यक छ भने ।

डेनिस रेडक्रसका नेपाल कार्यक्रम संयोजक निरु प्रधान तथा नेपाल रेडक्रस सोसाइटीका कार्यक्रम संयोजक प्रमोद अधिकारीले विपद्को समयमा नसर्ने रोगसम्बन्धी बिरामीहरूका लागि उपचार तथा आवश्यक स्वास्थ्य सेवाको निरन्तरता सुनिश्चित गर्ने उद्देश्यले सञ्चालन भइरहेको उत्थानशील नसर्ने रोग परियोजनाका प्रमुख उपलब्धि तथा सिकाइहरू प्रस्तुत गरेका थिए ।

नेपाल रेडक्रस, स्वास्थ्य सेवा विभागका कार्यक्रम संयोजक अनिल महर्जनले परियोजनाअन्तर्गत गरिएको अध्ययन तथा अनुसन्धानका प्रमुख निष्कर्ष प्रस्तुत गर्दै समुदायस्तरमा नसर्नेरोगव्यवस्थापनलाई विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनासँग आबद्ध गर्नुपर्ने आवश्यकता औंल्याएका थिए ।

कार्यक्रममा नसर्ने रोगसम्बन्धी सेवाको व्यावहारिक कार्यान्वयन, नीतिगत अवसर, स्वास्थ्य प्रणालीमा प्रभावकारी एकीकरण तथा दिगो संस्थागत व्यवस्थापनका विषयमा सहभागीहरूबीच अन्तर्क्रियात्मक छलफल भएको थियो । यसमा विपद्को अवस्थामा नसर्ने रोग (एनसिडी) सम्बन्धी सेवाको निरन्तरता सुनिश्चित गर्न आवश्यक नीति तथा रणनीतिक व्यवस्था, स्रोत परिचालन, स्वास्थ्य प्रणाली र प्राथमिक स्वास्थ्य सेवासँग एनसिडी सेवाको एकीकरण, आवश्यक औषधि तथा स्वास्थ्य सामग्रीको आपूर्ति व्यवस्थापन, स्थानीय तहको भूमिका, पेन-डीको संस्थागत विकासमा छलफल गरिएको थियो । साथै, अनुसन्धान तथा प्रमाणमा आधारित नीति निर्माण, अन्तर्राष्ट्रिय अभ्यास, बहुपक्षीय समन्वय तथा विपद्को समयमा नसर्ने रोगका बिरामीलाई गुणस्तरीय र निरन्तर स्वास्थ्य सेवा उपलब्ध गराउने उपायबारे छलफल गरिएको थियो ।

नेपाल रेडक्रस सोसाइटीकी निमित्त कार्यकारी निर्देशक मोना अर्यालले विपद्को समयमा नसर्ने रोगबाट प्रभावित व्यक्तिहरूले अविछिन्न रूपमा स्वास्थ्य सेवा प्राप्त गर्ने वातावरण सुनिश्चित गर्न सरकार, रेडक्रस तथा सरोकारवाला निकायबीचको सहकार्य, अनुभव आदानप्रदान र प्रमाणमा आधारित नीतिगत पहललाई थप सुदृढ बनाउनुपर्ने आवश्यकता औंल्याइन् ।

कार्यक्रममा कञ्चनपुरको लालझडी गाउँपालिका अध्यक्ष निर्मल रानाले नेपाल रेडक्रस सोसाइटीको सहयोगमा सञ्चालित नसर्ने रोगको परियोजनाबाट पालिकामा पुगेको सहयोगका बारेमा आफ्नो अनुभव प्रस्तुत गरेका थिए । छलफलको सहजीकरण रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीहरूको अन्तर्राष्ट्रिय महाससंघ (आइएफआरसी) क्यानेडियन रेडक्रसका एसिया प्रशान्त क्षेत्रीय स्वास्थ्य सल्लाहकार रमेश न्यौपानेले गरेका थिए ।

छलफल कार्यक्रममा स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, स्वास्थ्य सेवा विभाग, महामारी तथा रोग नियन्त्रण महाशाखा, नेपाल स्वास्थ्य अनुसन्धान परिषद्, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, नेपाल रडक्रस सोसाइटी, आइएफआरसी, डेनिस रेडक्रस, क्यानेडियन रेडक्रस, विश्व स्वास्थ्य संगठन, काठमाडौं विश्वविद्यालय तथा स्वास्थ्य क्षेत्रमा क्रियाशील विभिन्न सरकारी एवं गैरसरकारी निकायका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । *रासस*

# बागमती नदीको कटानले टौदहका बस्ती जोखिममा

**कीर्तिपुर (प्रस)–** बागमती नदीको कटानले काठमाडौंस्थित टौदहपूर्वका केही घर जोखिममा परेका छन् । कीर्तिपुर नगरपालिका-६ स्थित टौदह उपत्यकाको प्रमुख पर्यटकीय गन्तव्यस्थलमध्ये एक हो । बागमतीले विगत दुई वर्षदेखि धार परिवर्तन गरी पश्चिमी किनाराको माटो कटान गर्न थालेपछि टौदहको पूर्व र दक्षिणतर्फका बस्ती जोखिममा परेका छन् ।

टौदहका स्थानीयवासी मिलन खड्काले भने, 'बागमती नदीको कटानले टौदहपूर्वका बस्ती जोखिममा परेका छन् । अहिले नै पूर्वतर्फका कान्लाहरूबाट टौदहको पानी चुहिन थालेको छ, समयमै केही नगर्ने हो भने टौदहको अस्तित्व नै संकटमा पर्छ ।'

बागमतीको पारिपट्टि ललितपुर महानगरपालिकाले पर्खाल लगाएपछि बागमतीले पश्चिम किनारमा मात्र एकोहोरो कटान गरिरहेको उनले बताए । यसका साथै पश्चिमतर्फ पनि कीर्तिपुर नगरपालिका-४ स्थित दूधपोखरी क्षेत्रबाट बगेर आउने खहरे खोलाले कटान गर्दै लगेको छ । खोलाको दक्षिणतर्फ दक्षिणकाली नगरपालिकाले संरक्षण पर्खाल लगाउने तर कीर्तिपुर नगरपालिकाका तर्फबाट त्यसको पहल नगर्ने प्रवृत्तिले गर्दा कटान रोकथामको काम नभएको अर्का स्थानीय अन्जिल खड्का बताउँछन् ।

रेखांकन र सीमांकनको समस्या

विभिन्न निकायहरूले बागमती नदीको कटानबाट टौदह र बस्तीलाई जोगाउन टतबन्ध, टेवा पर्खाल आदिका लागि बजेट छुटचाउने गरेका छन् । तर सीमा कहाँसम्म हो भन्ने यकीन नहुँदा त्यस्ता बजेट त्यसै फिर्ता जाने गरेको पनि स्थानीयवासी खड्का बताउँछन् । 'पटक-पटक बागमती सभ्यतासँग गएर सीमांकन गरिदिन भनेका छौं तर आजसम्म भएन ।' सीमांकन नभएका कारण निर्माण व्यवससायीले काम सुरु गर्न नमानेको उनले बताए ।

## दित्तेल कालिका कृषि तथा पशुपालन प्रा.लि (लिक्विडेसन) सम्बन्धमा हकदावी गर्न आउने बारे सूचना

कम्पनी ऐन २०६३ बमोजिमको मिति २०८०/०९/२५ मा दर्ता भएको प्रा.लि. नं. ३२७११७/०८०/०८१ को **दित्तेल कालिका कृषि तथा पशुपालन प्रा.लि.** लाई खारेजी (लिक्वीडेसन) मा लैजाने कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०२/०१ गतेको विशेष साधारण सभाले निर्णय गरेकोले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवं कोहि कसैको कुनै किसिमको लेनदेन, बांकी बक्यौता भएमा तथ्ययुक्त आधार र सबुद प्रमाण सहित सूचना प्रकाशित गरिएको मितिले १ दिनभित्र निम्न लिखित लिक्वीडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**रमेश हरि अधिकारी, लिक्विडेटर दामासाही प्र.प.नं. ९५४७**
**मोबाइल नं. ९८४२६३८३६७**

## ह्वाईट लोटस मोटर्स प्राइभेट लिमिटेडलाई खारेज गर्ने सम्बन्धमा सूचना

श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा मिति २०७७/०४/०४ मा दर्ता भएको प्रा.लि.नं. २३८०९५/०७७/०७८ रहेको **ह्वाईट लोटस मोटर्स प्राइभेट लिमिटेड**, काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १० को मिति २०८३/०२/११ मा बसेको विशेष साधारण सभाको निर्णयानुसार यस कम्पनीलाई कम्पनी ऐन, २०६३ को दफा १३६(क) अनुसार खारेज लिक्वीडेसन) मा लैजाने विशेष प्रस्ताव पारित भएकोले कम्पनी ऐन, २०६३ अर्न्तगत रहि कम्पनीको खारेजी (लिक्वीडेसन) प्रक्रिया शुरु गरिएको छ । तसर्थ कम्पनीले तिर्न व्यहोर्न पर्ने ऋण, धन, अन्य दायित्व एवं कोही कसैसँग कुनै लेनदेन बाँकी भए यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र तल उल्लेखित कम्पनीको रजिष्टर्ड कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ । कम्पनी ऐन, २०६३ मा व्यवस्था भए बमोजिम दायित्व भुक्तान गरि बाँकी रहेको जायजेथा कम्पनीका सेयरधनीहरू लाई बाँडिने हुनाले तोकिएको म्याद भित्र दावी नगरिएमा पछि कसैको कुनै प्रकारको दावी नलाग्ने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ ।

## न्यू ईनर्जी मोटर्स प्राइभेट लिमिटेडलाई खारेज गर्ने सम्बन्धमा सूचना

श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा मिति २०७७/०८/३० मा दर्ता भएको प्रा.लि.नं. २४९९६५/०७८/०७९ रहेको **न्यू ईनर्जी मोटर्स प्राइभेट लिमिटेड**, ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं. २३ को मिति २०८३/०२/११ मा बसेको विशेष साधारण सभाको निर्णयानुसार यस कम्पनीलाई कम्पनी ऐन, २०६३ को दफा १३६(क) अनुसार खारेज लिक्वीडेसन) मा लैजाने विशेष प्रस्ताव पारित भएकोले कम्पनी ऐन, २०६३ अर्न्तगत रहि कम्पनीको खारेजी (लिक्वीडेसन) प्रक्रिया शुरु गरिएको छ । तसर्थ कम्पनीले तिर्न व्यहोर्न पर्ने ऋण, धन, अन्य दायित्व एवं कोही कसैसँग कुनै लेनदेन बाँकी भए यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र तल उल्लेखित कम्पनीको रजिष्टर्ड कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ । कम्पनी ऐन, २०६३ मा व्यवस्था भए बमोजिम दायित्व भुक्तान गरि बाँकी रहेको जायजेथा कम्पनीका सेयरधनीहरू लाई बाँडिने हुनाले तोकिएको म्याद भित्र दावी नगरिएमा पछि कसैको कुनै प्रकारको दावी नलाग्ने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ ।

## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस कम्पनीले चीनबाट पैठारी गरेको देहायको मालबस्तुहरूको खद्रा अधिकतम बिक्री मूल्य निम्न बमोजिम भएको व्यहोरा सर्वसाधरणको जानकारीका लागि यो मूल्य सुची प्रकाशन गरिएको छ ।

| सि.नं | मालवस्तुको विवरण | आकार प्रकार | ब्राण्ड | मोडल | उत्पादित मुलुक | क्षमता | इकाइ | प्रति इकाइ मूल्य | अधिकतम खुद्रा बिक्री मूल्य |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | इलेक्ट्रिक स्कुटर | इलेक्ट्रिक स्कुटर | Slane | RC | चीन | १५०० वाट | ४२ पिस | १६०,०००/- | २०७,०००/- |
| २ | इलेक्ट्रिक स्कुटर | इलेक्ट्रिक स्कुटर | Slane | CPX 1 | चीन | ३००० वाट | ३० पिस | ३५०,०००/- | ४४५,०००/- |
| ३ | इलेक्ट्रिक स्कुटर | इलेक्ट्रिक स्कुटर | Slane | N 90 | चीन | ३००० वाट | ३८ पिस | ३५०,०००/- | ४३५,०००/- |
| ४ | इलेक्ट्रिक स्कुटर | इलेक्ट्रिक स्कुटर | Slane | FS | चीन | ३००० वाट | ३८ पिस | ३३०,०००/- | ३८५,०००/- |

**बिक्रेता फर्मको नाम : जामुनी अटो सेन्टर प्रा.लि.**
फोन नं : ९८०२३४५४७२
ठेगाना : भृकुटीमण्डप, काठमाडौं, नेपाल
स्थायी लेखा नं: ६१०२९४९९०
Exime Code: ६१०२९४९९०१३९ NP


## मलेसियामा रोजगार
कम्पनी : METAFRAME SDN. BHD.
पूर्व स्वीकृति मिति : २०८३/03/३० | LT. No. 344752 | चलानी नं. ६०२५५२२७

| सि.नं. | कामदारको पद | पुरुष | महिला | RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Workers/Factory Worker | 6 | 0 | 1700 | ६४,००६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन ७ गते (23rd July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**R. A. International Employment Agency Pvt Ltd**
Basundhara-03 Metropolitan City, Kathmandu, Tel: +977-1-4016740, 4016760,4388035,
E-mail: rainternational81@gmail.com,Website www.rainternational.net
श्रम ईजाजत नं. १४०४/०७४/०७५

## साउदीमा रोजगार
कम्पनी : Ewan Human Resources Company
पूर्व स्वीकृति मिति : २०८३/03/३१ | LT. No. 344990 | चलानी नं. ६०२५८२५५

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Trucks Driver | 4 | 0 | 1800 | ७३,३२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Worker | 10 | 0 | 1000 | ४०,७३५ | | | | | | | |
| 3 | packing and wrapping labour | 15 | 0 | 1000 | ४०,७३५ | | | | | | | |
| 4 | Shelf Fillers | 15 | 0 | 1000 | ४०,७३५ | | | | | | | |
| 5 | Small Truck Driver | 2 | 0 | 1800 | ७३,३२४ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८३ साउन ७ गते (23rd July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**JOB SEEKER MANPOWER Pvt. Ltd.**
Tokha-11, Kathmandu, Nepal. Tel : +977-4390133, 4355356, 4355356,
E-mail : info@jobseekermanpower.com.np, Website :www.jobseekermanpower.com.np
श्रम ईजाजत नं. १००९/०६८/६९

## युएइमा रोजगार
कम्पनी : ARC CORE TECHNICAL SERVICES LLC
पूर्व स्वीकृति मिति : २०८३/03/३१ | LT. No. 344978 | चलानी नं. ६०२५८२४२

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 5 | 0 | 1600 | ६६,७७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Electrician | 3 | 0 | 1600 | ६६,७७५ | | | | | | | |
| 3. | Assistant Electrician | 3 | 0 | 1600 | ६६,७७५ | | | | | | | |
| 4. | Labour (Building Projects) | 6 | 0 | 1600 | ६६,७७५ | | | | | | | |
| 5. | Carpenter Assistant | 3 | 0 | 1600 | ६६,७७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८३ साउन ७ गते (23rd July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**R.B. WHITE AND BLUE CONSULTANTS PVT.LTD.**
LIC. 1763/081/082
Lalitpur-04, Lalitpur, Nepal, Contact: 9764857633, E-mail : rbwhiteandblueconsultantspvtlt@gmail.com

## युएइमा रोजगार
कम्पनी : S K SOLUTIONS FACILITY SERVICES L.L.C.
पूर्व स्वीकृति मिति : २०८१/१०/०६ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/03/३१ | LT. No. 317277 | चलानी नं. ६०२३१५१९

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Stocker | 40 | 0 | 900 | ३७,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : S K SOLUTIONS FACILITY SERVICES L.L.C.
पूर्व स्वीकृति मिति : २०८१/०६/१८ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/03/३१ | LT. No. 311857 | चलानी नं. ६०२२६२९०

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Stocker | 14 | 0 | 800 | ३३,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Security Guard | 15 | 0 | 1500 | ६२,६०५ | | | | | | | |
| 3 | Lifeguard | 10 | 0 | 1500 | ६२,६०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन ७ गते (23rd July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**YOUNG MANPOWER PVT.LTD.**
Gaushala-9, Kathmandu, Nepal, Tel: +977-1-4583814, 4583815 , 4583816
E-mail : youngmanpower123@gmail.com, Web: https://www.youngmanpower.com.np/
Govt. License No. 1047/073/74

## तु-आवश्यकता

यस कम्पनीका लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरूबाट आफ्नो बायोडाटासहित यथाशिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

1. P. R.O = 3 pax Boys (1 year experience 20 to 45 thousand)
2. Documentation = 2 pax Girls (1 year experience Saudi 25 to 35k)
3. Receptionist = 2 pax Girl (18 to 25k)

योग्यता : +2 Passed, अङ्ग्रेजी राम्रोसँग बोल्न लेख्न सक्ने, सम्बिन्धित क्षेत्रमा कम्तिमा ३ वर्ष अनुभवी ।
★ तलव: आपसी समझदारीमा
★ आवेदन तल दिइएको ठेगानामा पठाउन सकिनेछ ।

**Nasser International Placement Services Pvt. Ltd.**
श्रम ईजाजत नं. १९०/०५७/०५८
Kupondole, Opposite to Kandev Temple, Kathmandu , Phone: + 977-01-4578566 | 4578866,
Anil Karki (Mobile No. 9862134075), Email: info@nasserplacement.com, Web: nasserplacement.com

## युएइमा रोजगार
कम्पनी : VERTEX TRINITY MAINTENANCE AND GENERAL CONTRACTING LLC S.P.C
पूर्व स्वीकृति मिति : २०८३/03/३१ | LT. No. 345009 | चलानी नं. ६०२५८२५३

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Pipe Fitter | 2 | 0 | 1500 | ६२,६०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Mechanic Assistant | 2 | 0 | 1500 | ६२,६०५ | | | | | | | |
| 3 | Accountant | 2 | 0 | 1800 | ७५,१२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन ७ गते (23rd July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**All Asia Overseas Pvt.Ltd**
Ratopul, Gaushala-7, Kathmandu, Nepal, Swostika Pariyar : 9706125170
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com
श्रम ईजाजत नं. १३०५/०७४/०७५

## साउदीमा रोजगार
कम्पनी : GULF MODEL GENERAL CONTRACTING EST.
पूर्व स्वीकृति मिति : २०८२/०८/04 | पुन विज्ञापन स्वीकृति मिति : २०८३/03/३१ | LT. No. 333827 | चलानी नं. ६०२४७६०७

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Equipment Driver | 3 | 0 | 2500 | १०१,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन ७ गते (23rd July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.**
श्रम ईजाजत नं. ५७४/०६२/०६३
Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492, Kumar Tamang +977 985-1118313
E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

## साउदीमा रोजगार
कम्पनी : INTELLIGENT SYSTEM GENERAL CONTRACTING COMPANY
पूर्व स्वीकृति मिति : २०८३/03/३१ | LT. No.345002 | चलानी नं. ६०२५८२७५

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading & Unloading labor | 4 | 0 | 1000 | ४०,७३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन ७ गते (23rd July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Cosmo International Overseas Pvt. Ltd.** (Overseas Employment Consultants)
Govt. License 280/058/059
Minbhawan, Kathmandu, Nepal, Tel : +977-1-4115190, 4115191 Fax : +977-1-4115189
E-mail : cosmointlpvt@gmail.com, kcshym_2008@yahoo.com Web : www. cosmointernational.com.pn

## साउदीमा रोजगार
कम्पनी : SINA OPTIMAL MAINTENANCE AND FINISHING COMPANY.
पूर्व स्वीकृति मिति : २०८३/03/३१ | LT. No. 344987 | चलानी नं. ६०२५८२७१

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Scaffolding Erector | 3 | 0 | 1300 | ५२,९५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन ७ गते (23rd July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**DECENT EMPLOYMENT PVT. LTD.**
श्रम ईजाजत नं. ९०४/०६७/०६८
Samakhusi, Kathmandu, Nepal, +977-01-5903104, Contact Person Dhurba Thapa ( 9802360733)
Email: info@decentemployment.com.np, Website: www.decentemployment.com.np

## युएइमा रोजगार
कम्पनी : HONGHAIGENERAL CONTRACTING
पूर्व स्वीकृति मिति : २०८३/03/३१ | LT. No. 344756 | चलानी नं. ६०२५३४०४

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer (Building Worker) | 2 | 0 | 1300 | ५४,२५७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Still Fixture | 2 | 0 | 1500 | ६२,६०४ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ साउन ७ गते (23rd July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**DOTI OVERSEAS PVT. LTD.**
Govt. License 1294/074/075
Airport Tilganga-9, Sinamangal, Chandrodaya Marga, Kathmandu Tel : 01-5912764, 5912763,
E-mail : doti.overseas1294@gmail.com, website: www.dotioverseas.com.np

## ओमनमा रोजगार
कम्पनी : ASAS AL ARAB UNITED
शेवा शुल्क: १०,०००
पूर्व स्वीकृति मिति : २०८३/03/३१ | LT. No. 344982 | चलानी नं. ६०२५८२५१

| सि.नं. | कामदारको पद | पुरुष | महिला | OR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 2 | 0 | 150 | ४८,७०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MODERN PROJECTS OF MUTASIM AND NASSER LLC
शेवा शुल्क: १०,०००
पूर्व स्वीकृति मिति : २०८३/03/२१ | LT. No. 344983 | चलानी नं. ६०२५८२४२

| सि.नं. | कामदारको पद | पुरुष | महिला | OR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Juice Makers | 2 | 0 | 130 | ५१,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Steward/botltewasher/general Cleaner | 2 | 0 | 120 | ४७,८३५ | | | | | | | |
| 3 | Cafe Waiter | 3 | 0 | 140 | ५५,८१० | | | | | | | |
| 4 | Sandwich Maker | 3 | 0 | 130 | ५१,८२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन ७ गते (23rd July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
इ.प.नं.११४२/०७३/०७४
Srijanshil Marg, Basundhara, Kathmandu, Nepal, Contact : Abdullah Asurdin Miya 981-3048932, E-mail : alkausar.hrm@gmail.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# प्रेस स्वतन्त्रताको पक्षमा स्वागतयोग्य फैसला

नेपालको लोकतान्त्रिक आन्दोलन र यसको संस्थागत विकासमा निजी तथा सामुदायिक सञ्चारमाध्यमले खेलेको भूमिका ऐतिहासिक छ । संकटका हरेक मोडमा नागरिकको आवाज बनेर राज्यलाई खबरदारी गर्ने सञ्चार जगत् आफैंमा राज्यको चौथो अंग हो । तर, पछिल्लो समय राज्य सञ्चालकहरूमा सञ्चार जगत्लाई नियन्त्रण र कमजोर बनाउने कुण्ठा र संकुचित सोच हावी हुँदै गएको स्पष्ट देखिन्छ । यसैको पछिल्लो कडी थियो– सरकारी विज्ञापनलाई सरकारी सञ्चारमाध्यममा मात्र सीमित गर्ने सरकारको अदूरदर्शी र विभेदकारी निर्णय । ढिलै भए पनि, सर्वोच्च अदालतको संयुक्त इजलासले सरकारको उक्त विवादित परिपत्र खारेज गरिदिएर कानुनी राज्य र प्रेस स्वतन्त्रताको पक्षमा एक ऐतिहासिक र स्वागतयोग्य फैसला सुनाएको छ ।

न्यायाधीशद्वय शारंगा सुवेदी र नृपध्वज निरौलाको संयुक्त इजलासले मंगलबार सरकारी विज्ञापन निजी सञ्चारमाध्यमलाई नदिने निर्णय बदर गर्दै उत्प्रेषणको आदेश जारी गरेको हो । यस आदेशसँगै अब संघ, प्रदेश र स्थानीय तहका सबै निकायहरूले निजी सञ्चारमाध्यममा पनि विज्ञापन तथा सार्वजनिक सूचना प्रवाह गर्न पाउने बाटो खुलेको छ । अदालतको यो फैसला केवल विज्ञापन वितरणको प्राविधिक विषयमामात्र सीमित छैन, यसले नेपालको संविधानले प्रत्याभूत गरेको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, सूचनाको हक र उदार अर्थनीतिभित्रको समान प्रतिस्पर्धाको सिद्धान्तलाई पुनः स्थापित गरिदिएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले जारी गरेको परिपत्र स्पष्ट रूपमा नियतवश र पूर्वाग्रही थियो। निजी र सामुदायिक सञ्चारमाध्यमलाई आर्थिकरूपमा टाट पल्टाउने, उनीहरूको स्वतन्त्र अस्तित्व समाप्त पार्ने र अन्ततः आफ्नो भजनकीर्तन गर्ने सरकारी मिडियालाई मात्र पोस्ने अधिनायकवादी सोच त्यस निर्णयमा झल्किन्थ्यो । लोकतन्त्रमा राज्यका सूचनाहरू आमनागरिकसम्म पुग्नुपर्छ र त्यसका लागि सबैभन्दा बढी पहुँच भएका निजी तथा सामुदायिक सञ्चारमाध्यमको सहयोग अपरिहार्य हुन्छ । तर, सरकारले आफ्ना सूचना र विज्ञापनलाई एउटा सानो घेराभित्र कैद गरेर जनताको सुसूचित हुन पाउने मौलिक अधिकारमाथि नै प्रहार गरेको थियो । नेपाल पत्रकार महासंघ र सञ्चार सम्बद्ध संस्थाहरूले यसलाई 'आर्थिक नाकाबन्दी' को संज्ञा दिँदै आन्दोलनको घोषणा गर्नु पूर्णरूपमा जायज थियो ।

नेपालमा लोकतन्त्र बहाली र नागरिक सचेतना फैलाउन निजी सञ्चारमाध्यमको योगदान सरकारी सञ्चारमाध्यमकोभन्दा बढी छ । यस्तो अवस्थामा राज्यले अभिभावकत्व ग्रहण गर्नुको साटो निजी क्षेत्रको लगानी र श्रमलाई उपेक्षा गर्नु विडम्बनापूर्ण थियो । सर्वोच्चको यो आदेशले राज्यका सञ्चालकहरूलाई स्पष्ट सन्देश दिएको छ कि संविधान र कानुनको परिधिभन्दा बाहिर गएर प्रेसलाई कमजोर पार्ने कुनै पनि शासकीय हठ टिकाउ हुन सक्दैन ।

अब सरकारको दायित्व अदालतको यो आदेशलाई अक्षरशः पालना गर्नु र संकुचित मानसिकता त्यागेर सञ्चार जगत्सँग सहकार्यको वातावरण सिर्जना गर्नु हो । यसका साथै, सार्वजनिक खरिद ऐन संशोधनमार्फत बोलपत्रसम्बन्धी सूचना मिडियामा छाप्न नपर्ने जस्ता अन्य सञ्चार–विरोधी निर्णयहरूमाथि पनि पुनर्विचार गरिनु आवश्यक छ । लोकतन्त्र बलियो हुनका लागि मिडिया बलियो हुनुपर्छ । मिडियाको आर्थिक घाँटी निमोठेर समृद्ध समाजको परिकल्पना गर्न सकिँदैन भन्ने सत्यलाई सरकारले अब ढिलै भए पनि मनन गरोस् । सर्वोच्चको यो साहसिक फैसला नेपालको स्वतन्त्र पत्रकारिताको इतिहासमा सदैव एउटा महत्त्वपूर्ण कोसेढुंगाका रूपमा स्थापित रहने छ ।

## श्रम सरोकार

### विदेशमा रहँदा भुल्नै नहुने पाँच कुरा

**१) कसैको प्रलोभनमा नफसौं**

धेरै तलब दिने वा अन्य राम्रो काम सुविधा दिने प्रलोभनमा दलालहरूले गन्तव्य मुलुकका कम्पनी वा वासस्थानमासमेत पुगेर फकाउन सक्छन् । आधिकारिक भिसा रहेको ठाउँभन्दा अन्यत्र काम गर्नु गैरकानुनी हो । कानुनी हैसियत गुमाएपछि सधैंभरि खतरामा काम गर्नुपर्छ र दलालले गैरकानुनी काममा लगाएर फसाउन पनि सक्छ । फर्किनुअघि जेल, नेल जरिवानासहित देश निकालाको अपमान साथै कुटाइ खानुपर्छ ।

**२) धार्मिक तथा स्थानीय कानुनको पालना गरौं**

सम्बन्धित देशमा पुगेर कुनै गल्ती गरेर कानुन थाहा थिएन भनेर उम्किन पाइन्न । स्थानीय धार्मिक, सामाजिक तथा राष्ट्रियताका विषयमा सधैं जानकार र सकारात्मक हुनुपर्छ ।


**३) आफ्नो सुरक्षामा ध्यान दिऔं**

आफ्नो स्वास्थ्य र सुरक्षाको ख्याल आफैंले राख्नुपर्छ । काम गर्दाको बखत, बाटो हिँड्दा, पौडी वा अन्य यस्तै कामको जोखिमबारे सधैं सचेत रहनुपर्छ । कतिपय मुलुकहरूमा जेब्रा क्रसिङभन्दा अन्यत्रबाट बाटो काट्दा पैदलयात्रीले समेत जरिवाना तिर्नुपर्ने हुसक्छ । याद गरौं- कारखानामा काम गर्दा त्यहाँ प्रयोग हुने मेसिनको सोच्ने शक्ति हुँदैन, तपाईंको आफ्नै दिमागले सोचेर होसियारी अपनाउनुपर्छ ।

**४) काममा लगनशील बनौं**

आफ्नो सुपरभाइजरका कुरालाई अवलम्बन गर्नैपर्छ । उसको कुरालाई बेवास्ता गरेमा माथिल्लो निकायमा सामान्यतयाः कुनै सुनुवाइ गर्दैन । अति नै भएमा मात्र दूतावास, वैदेशिक रोजगार विभाग वा अन्य सहयोगी संस्थाबाट सहयोग लिने बानी गर्नुपर्छ । याद गरौं- रोजगारदाताले तपाईंलाई श्रमको मूल्य तिरेको हुन्छ ।

# भूमिमा सामूहिक स्वामित्वको सम्भावना



❑ अमलकिरण ढकाल

> “ नेपालमा ऐतिहासिक परिवर्तनपछि समाजवादी राज्यव्यवस्थाको आधारशिला निर्माणतर्फ उन्मुख रहेको यस घडीमा अर्थव्यवस्थामा प्रमुख अवरोधकका रूपमा रहँदै आएको सामन्ती भूस्वामित्व पद्दतिमा आमूल परिवर्तन नगरेसम्म मुलुकमा सुशासन, सामाजिक न्याय र समृद्धि हासिल हुनसक्ने देखिन्न । भूमिको स्वामित्व व्यवस्थापन हुँदा खण्डीकृत जग्गाको एकीकरण भई उत्पादकत्व वृद्धि, भूमिहीनताको अन्त्य, जग्गाको सहज उपलब्धता, भूमाफिया विचौलिया र दलाली नियन्त्रण गर्न योगदान पुग्ने देखिन्छ । यसबाट नै सहरीकरण एवं आवास बसोबास व्यवस्थित गरी पुँजीको उत्पादनशील क्षेत्रमा परिचालन गर्न सकिने हुन्छ ।

नेपालको संविधानले मुलुकको अर्थव्यवस्था समाजवादतर्फ लैजाने प्रतिबद्धता व्यक्त गरेको छ । कुन किसिमको समाजवादी अर्थव्यवस्था बनाउने हो भन्ने खाका अझै स्पष्ट भइनसकेता पनि समाजवादको आधार तयार गर्ने भन्नेसम्म सबै प्रमुख राजनीतिक दलहरूको विमति देखिन्न । हाल विश्वमा प्रचलित विभिन्न स्वरूपका समाजवादी अर्थव्यवस्थामध्ये प्रमुख रूपमा राज्यनियन्त्रित समाजवादी ढाँचा, बजारमा आधारित चिनियाँ समाजवादी ढाँचा, लोकतान्त्रिक नर्डिक मुलुकहरू (नर्वे, डेनमार्क, स्वीडेन, फिनल्याण्ड, आइसल्याण्ड) समाजवादी ढाँचा, उदारवादी समाजवादी ढाँचा, सामुदायिक समाजवादी ढाँचा र मिश्रित समाजवादी ढाँचामध्ये कुन मोडेलमा जाने हो स्पष्ट हुन आवश्यक छ ।

समाजवादको गन्तव्य तय भइसकेको हालको स्थितिमा समाजवादको मूल मर्म भनेको उत्पादनका साधनहरूमा सामूहिक स्वामित्व र उपभोगमा सबैको पहुँच हुनु हो भन्ने बुझ्नु आवश्यक छ । त्यसमा पनि प्रकृति प्रदत्त जल, जमिन, वायु, प्रकाश र आकाशजस्ता सार्वजनिक वस्तुहरू सबैको पहुँचमा हुनुपर्दछ भन्ने मान्यता पनि छ । त्यसो हुँदा राष्ट्रभित्रको सम्पूर्ण भूभाग पूर्णतः राज्यको अधीनमा हुनुपर्ने अवस्था रहन्छ । तर मानव समाजमा व्यक्तिगत सम्पत्ति कायम भएदेखि नै भूमिको स्वामित्व व्यक्तिको अधिनस्थ बनाइएकाले सबै भूमि निःशर्त राज्यको सार्वजनिक सम्पत्ति भन्नसक्ने अवस्था रहेको देखिन्न । यस स्थितिमा भूमि प्रकृतिप्रदत्त सार्वजनिक स्रोत हुँदाहुँदै पनि समाजवादी प्रयोजनले राष्ट्रियकरण वा सामूहिकीकरण गर्ने कुरा जटिल बहसको विषय बन्न गएको छ ।

अर्थशास्त्रीय हिसाबले भन्दा जग्गा जमिन उत्पादनको प्रमुख साधन एवं पुँजीको स्रोत र अचल सम्पत्ति पनि हो । भूमि माग र आपूर्तिका आधारमा घटाउन बढाउन नसकिने स्थिर वस्तु पनि हो । मानव समाजको इतिहासमा वस्तु विनिमय हुँदा वस्तुको उपयोगिता, दुर्लभता, उर्वरता, निश्चितता, स्थिरता आदि गुणहरूका कारण मूल्यको सिर्जना गरिएझैं भूमिको पनि अन्तर्निहित मूल्य कायम हुँदै आएको हो । यसरी व्यक्तिगत सम्पत्ति कायम भएको भूमि व्यक्तिको सम्पत्तिमात्र नभई मानव सभ्यता, धर्म, संस्कृति, समृद्धि र समाजको जीवन आधारसँगसमेत जोडिएकाले बढी संवेदनशील विषय बनेको हो ।

भूमिमाथिको आधिपत्यको सभ्यता खोज्दै जाँदा मानिसको घुमन्ते सिकारी जीवनबाट निश्चित स्थानमा बसोबास गर्ने अवस्थासम्म जानुपर्ने हुन्छ । त्यसबखतमा मानिसको कुनै स्थान विशेषमा स्थायी बसोबास रहे पनि कृषि कार्य सुरू नगरेसम्म भूमि अधिकारको खासै महत्त्व रहेको देखिँदैन । विश्वमा सर्वप्रथम मेसोपोटामियाबाट सुरू भएको आदिम कृषि कार्यले भूमि उत्पादनको साधनका रूपमा मान्य भयो । यसरी भूमिको उत्पादनशील उपयोग भएसँगै प्राचीन रोम, युनान र मिश्र एवं मध्ययुगीन बेलायत, युरोपका शक्तिशाली शासक तथा धर्मगुरूहरूले समुदायमा रहेको जमिनको ठूलो हिस्सामा आफ्नो अधिकार जमाई दास किसानलाई केवल कामदारका रूपमा उत्पादन गर्न लगाउन थाले ।

उत्पादन बढेसँगै युरोपबाट सुरू भएको औद्योगिकीकरण तथा उपनिवेशवादको विस्तारले विभिन्न मुलुकमा आदिवासी समुदायले उपभोग गरिरहेको जमिन शासकहरूले आफ्नो अधीनमा ल्याउन थाले । अमेरिकाले सन् १८६२ मा जारी गरेको होमस्टेड ऐन कानुनले जमिनमाथिको आदिवासीहरूको सामुदायिक अधिकार खारेज गरी पुँजीको विकासका लागि १६० एकडसम्म (करिब ९५ बिघा) जमिन व्यक्ति विशेषलाई उपलब्ध गराउने व्यवस्था गर्‍यो । यसरी व्यक्तिगत सम्पत्तिका पक्षधरहरूको प्रभुत्व बढ्दै गएपछि विश्वभरि नै सार्वजनिक भूमि निजीकरण गरी त्यस्तो सम्पत्ति संविधानबाटै अनतिक्रमित बनाउँदै लगियो । यसरी जग्गाको स्वामित्व स्वाभाविक रूपमा व्यक्तिमा स्थापित हुँदै आएको नभई राज्यसत्ता र शक्तिमा हुनेले हत्याएको तथ्य स्वतः पुष्टि हुन्छ ।

नेपालका सन्दर्भमा हेर्दा वैदिककालमा सबै जग्गा राज्यको अधीनमा रहेको पाइन्छ । व्यक्तिगत स्वामित्वको महत्त्व बढ्दै गएपछि भने सरकारी, सार्वजनिक जमिनमा राज्यसत्ताका शासकहरूले व्यक्तिगत अधिकार जमाउँदै गएको र विर्ता, गुठी, किपट, जागिर, रकम, खान्गी आदि नाममा आफ्ना नजिकका मान्छेहरूलाई उपलब्ध गराएको देखिन्छ । आफ्नो शासनअन्तर्गत रहेका रैतीहरूबाट कर उठाउने प्रयोजनका लागि रैकरमा परिणत गरी व्यक्ति विशेषको निजी बनाउँदै लगिएको देखिन्छ । नेपालमा त्यसबखत जग्गाको नापजाँच फरक-फरक इलाका अनुसार हलो, पाटे, कुटो, कोदालो, माटो मुरी, विजन मानापाथी आदि एकाइमा राख्ने गरिएकाले जग्गाको प्रयोजन राज्यकोषका लागि कुत तिरो लिनेमा नै बढी केन्द्रित भएको पाइन्छ ।

नेपालको संविधान, २०७२ ले पनि भूमिमाथिको सम्पत्तिको हक सुनिश्चित गर्दै प्रत्येक नागरिकलाई चल, अचल सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, व्यावसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक स्थापित गरेको छ । त्यस्तो व्यक्तिगत सम्पत्ति (जग्गा जमिन) सार्वजनिक प्रयोगमा ल्याउनुपर्ने भए राज्यले सम्बन्धित व्यक्तिलाई मुआब्जा दिएर मात्र अधिग्रहण गर्न सकिने व्यवस्था गरिएको छ । संविधानको धारा २५ मा उल्लिखित उक्त व्यवस्था रहेसम्म भूमिमाथिको व्यक्ति विशेषको स्वामित्व परिवर्तन गर्नसक्ने अवस्था नदेखिएता पनि समाजवादको पूर्वाधार तयार गर्ने क्रममा उपधारा (४) बमोजिम राज्यले नीति, नियम र योजना बनाई समुदायस्तरबाट भूमिको वैज्ञानिक व्यवस्थापनको कार्य अघि बढाउन सक्ने देखिन्छ ।

समाजवादी दृष्टिले हेर्दा नेपालको कूल जमिनमध्ये वन, बुटयान, हिमाल, पहाड र नदीनालाले ढाकेको करिब ७४ प्रतिशत सरकारी, सार्वजनिक जमिनमामात्र सरकारले सहज व्यवस्थापन गर्नसक्ने र बाँकी २६ प्रतिशत आवादी तथा संरचना रहेको जमिनको स्वामित्व परिवर्तन गर्न जटिल देखिन्छ । साथै, उल्लिखित आवादी र संरचनाले ढाकेको जमिनमध्ये पनि जग्गाधनी दर्ता प्रमाणपूर्जा (लालपुर्जा) भएको सरकारी, सार्वजनिक र व्यक्तिगत स्वामित्वमा कुन किसिमको कति प्रतिशत जग्गा कायम छ भन्ने यकीन राष्ट्रिय तथ्यांकसमेत राज्यबाट प्रवाहित भएको देखिन्न ।

तत्कालीन अवस्थामा जग्गाको अभिलेख राख्ने हालको मालपोत, नापी कार्यालयहरू मोठ अड्डा, लाल अड्डा, तहसिल अड्डा, माल अड्डा आदि नाममा रहेका भएता पनि २०२१ सालमा जग्गाको आधुनिक नापजाँच सुरू नभएसम्म यकीन क्षेत्रफल भन्नसक्ने स्थिति देखिन्न । त्यसपछि मात्र पहाडमा रोपनी र तराईमा बिघाको एकाइमा राखिएको क्षेत्रफल मिटर, हेक्टर तथा एकडमासमेत भन्न सकिने अवस्था बनेको छ ।

सरकारले हालै जारी गरेको भू-उपयोग नीतिमा जग्गाको साविक वर्गीकरण अबल, दोयम, सिम, चाहार खेत र पाखो भन्ने सट्टा प्रयोजनअनुसार कृषि, आवास, व्यावसायिक, औद्योगिक, खानी तथा खनिज, वन, नदी खोला ताल सिमसार, सार्वजनिक उपयोग, सांस्कृतिक तथा पुरातात्त्विक महत्त्व र अन्य गरी १० वटा क्षेत्रमा गरिएको वर्गीकरणबाट भू-व्यवस्थामा केही सहजता आउनसक्ने देखिन्छ । तथापि, आधुनिक जग्गा नापजाँच सुरू भएको ६० वर्षभन्दा बढी अवधि भइसक्दा पनि स्वामित्वको प्रकारअनुसार अद्यावधिक अभिलेख नहुँदा विभिन्न सवालहरू आइरहेको देखिन्छ । साथै, जग्गा जमिनलाई समृद्धिको मूल आधार मानिँदा घर, समाज र राष्ट्रमा अत्यधिक विवाद, मुद्दामामिला, झैझमेला, सत्ता र शक्तिको दुरूपयोग स्वामित्वका कारणले उत्पन्न भएको देखिन्छ । यसैमा राष्ट्रको अत्यधिक जनशक्ति, समय, स्रोतसाधन खर्च हुनुका साथै विकास निर्माण कार्यसमेत उल्झिरहेको देखिन्छ ।

कुनै पनि देशमा जग्गा जमिनको महत्त्व सर्वाधिक रहन्छ । बाँच्नका लागि अक्सिजनजस्तै भूमि नभई रहन सकिन्न । तर त्यसमा व्यक्तिगत स्वामित्व कायम गरी सम्पत्ति एवं पुँजीको मुख्य आधार बनाइँदा विनाश्रम सिर्जित मूल्यले आर्थिक विचलन बढ्न गई समाजको विकास लक्ष्य नै दिग्भ्रमित हुँदै गएको छ । जग्गाको अनावश्यक खरिद-बिक्री र मूल्यवृद्धिले समाजमा रहेको सम्पत्ति पुँजीकृत भई अन्यत्र पलायन हुनुको साथै बौद्धिक एवं श्रममूलक कार्यहरूसमेत नराम्रोसँग प्रभावित हुन पुगेका छन् । भूमिको यही अवाञ्छित पद्दतिबाट पुँजी संकलन गर्ने प्रवृत्तिले बैंक तथा वित्तीय क्षेत्रका व्यवसायमासमेत उद्यमशीलताको महत्त्व छायाँमा पर्दै गएको स्पष्टै छ ।

मानव समाजको विकासक्रममा मार्क्सवादी अवधारणा आएपछि समाजवादी मुलुकहरू र अन्य कतिपय मुलुकहरूमा प्रकृतिप्रदत्त वस्तुको रूपमा भूमिको स्वामित्व सरकारीस्तरमा वा समुदायको मातहतमा रहनुपर्छ भन्ने विषयले महत्त्व पाउँदै आएको छ । यसै सन्दर्भमा, नेपालमा समाजवादको पूर्वाधार तयार गर्ने क्रममा भूमिमा सामूहिक स्वामित्व स्थापना गर्नुपर्ने आवश्यकता टड्कारो बन्दै गएको छ । त्यसका लागि कानुनी, सामाजिक, वित्तीय नीतिहरू, विश्व परिवेशका अनुभव र सफल हाइब्रिड मोडलहरू उदाहरण हुन सक्छन् । यसक्रममा, विभिन्न प्रकृतिका भूमिमा रहेको जग्गाधनीहरूको अधिकार, गाउँ सहर र अन्यत्रका जग्गाको उपयोग र वर्गीकरण, प्रविधिको प्रयोग, घर बसोवास र कृषि कार्यको व्यवस्थापन, उद्योग तथा सेवामा भूमिको स्रोत परिचालन, वित्तीय कोषहरूको व्यवस्थापन, सामुदायिक जनचेतना आदि विचारणीय पक्ष हुन सक्छन् । भूमिसम्बन्धी निर्णय लिँदा आगामी मार्गदिशा तथा कार्यविधिको स्पष्टताका साथै सामाजिक सञ्जालको उपयोग, सरोकारपक्षको सहभागिता तथा सहमतिको अभ्यास, नमूना प्रयोग र त्यसको अनुपोषण, विवाद समाधान, वित्तीय संस्थागत परामर्श पनि त्यत्तिकै आवश्यक छ ।

भूमिमा सामन्तवादी युगदेखि कायम रहँदै आएको स्वामित्व परिवर्तन युगान्तकारी आमसरोकारको विषय हुँदा परिवर्तनका नेतृत्वदायी शक्तिहरूमा समाजवादी सोचको साथै आर्थिक स्वच्छता, उच्च नैतिकता र स्रोत साधनको उच्चतम उपयोग गर्नसक्ने क्षमता रहिरहनुपर्छ । साथै, नीतिगत व्यवस्थापनका लागि दीर्घकालीन रणनीतिअन्तर्गत समुदायस्तरबाट चरणबद्धरूपमा जाने सोच बनेमा कार्यान्वयन गर्न सहज हुने देखिन्छ । भूस्वामित्व रूपान्तरणको आवश्यकता र उपादेयताबारे आमजनमानसमा स्पष्ट हुनुपर्छ । यसैगरी सहरी, ग्रामीण तथा अन्य इलाकाहरूमा भूमिको उपयोग कुन, कुन प्रयोजनका लागि के कसरी गर्ने भन्ने नीति, नियम र आउनसक्ने विवाद चुनौती समाधानको गहिरो विश्लेषण पूर्वअवस्थामा नै गर्नु जरूरी छ । सूचना प्रविधि एवं कृत्रिम बौद्धिकता (एआई) को सकारात्मक प्रयोगले छिटो परिवर्तन ल्याउन सक्ने हुँदा सो प्रविधिलाई भूव्यवस्थापनको पक्षमा उपयोग गर्ने ठोस योजना बनाउनु आवश्यक छ ।

नेपालमा ऐतिहासिक परिवर्तनपछि समाजवादी राज्यव्यवस्थाको आधारशिला निर्माणतर्फ उन्मुख रहेको यस घडीमा अर्थव्यवस्थामा प्रमुख अवरोधकका रूपमा रहँदै आएको सामन्ती भूस्वामित्व पद्दतिमा आमूल परिवर्तन नगरेसम्म मुलुकमा सुशासन, सामाजिक न्याय र समृद्धि हासिल हुनसक्ने देखिन्न । भूमिको स्वामित्व व्यवस्थापन हुँदा खण्डीकृत जग्गाको एकीकरण भई उत्पादकत्व वृद्धि, भूमिहीनताको अन्त्य, जग्गाको सहज उपलब्धता, भूमाफिया विचौलिया र दलाली नियन्त्रण गर्न योगदान पुग्ने देखिन्छ । यसबाट नै सहरीकरण एवं आवास बसोबास व्यवस्थित गरी पुँजीको उत्पादनशील क्षेत्रमा परिचालन गर्न सकिने हुन्छ । तबमात्र समुदायमा स्रोतको न्यायपूर्ण वितरण भई असमानतामा कमी आउने र समुदायले आर्थिक सामाजिक लाभको प्रत्यक्ष अनुभूत गरी लोककल्याणकारी राज्यको परिकल्पना सार्थक हुनेहुँदा भूमिमा सामूहिक स्वामित्व कायम गर्न वाञ्छनीय देखिएको हो । *रासस*

*(लेखक नेपाल सरकारका सेवानिवृत्त सहसचिव हुन्)*

## पाठक मञ्च

# मिटरब्याजपीडितको रोदन र सरकारको उदासीनता

विगत लामो समयदेखि देशका विभिन्न भाग, विशेषगरी मधेस प्रदेशका विपन्न नागरिकहरू मिटरब्याज (साहुमहाजनको चर्को आर्थिक शोषण) को चक्रव्यूहमा फसेर छटपटाइरहेका छन् । हालै जनकपुरधामको ऐतिहासिक तिरहुतियागाछीबाट सुरु भएको 'पैदल न्याय मार्च' र गृहमन्त्री सुधन गुरुङसँग भएको दोस्रो चरणको वार्ता पनि निष्कर्षविहीन हुनुले राज्य आमनागरिकका पीडाप्रति कति संवेदनशील छ भन्ने गम्भीर प्रश्न खडा गरेको छ ।

आफ्नो उठिबास भएपछि न्यायको भिख माग्दै दैनिक २० किलोमिटरको पैदलयात्रा तय गरेर संघीय राजधानीतर्फ अघि बढिरहेका नागरिकलाई सरकारले ठोस निकास दिनुको साटो केवल आश्वासनमा अल्झाउनु अत्यन्तै दुःखद र निन्दनीय विषय हो ।

हाम्रो देशमा राजनीतिक परिवर्तनहरू धेरै भए, सरकारहरू फेरिए, तर गरिखाने वर्गको नियति कहिल्यै फेरिएन । गरिबी र घरायसी गर्जो टार्नका लागि स्थानीय साहुमहाजनसँग ऋण लिन बाध्य पारिएका सोझा नागरिकहरू कसरी ठगिइरहेका छन् भन्ने कुरा जगजाहेर छ । थोरै रकम दिएर लाखौंको फर्जी तमसुक बनाउने, दृष्टिबन्धकका नाममा घरजग्गा नै कब्जा गर्ने र बैंकको चेकमा आफूखुसी रकम भरेर जेल हाल्नेसम्मका अमानवीय हर्कतहरू भइरहेका छन् । मिटरब्याजका कारण कतिपयको परिवार उजाडिएको छ, कतिपयले आत्महत्या गर्नुपर्ने परिस्थिति सिर्जना भएको छ भने कतिपय आफ्नै थातथलोबाट विस्थापित भएका छन् । यो केवल वित्तीय अपराधमात्र होइन, सरासर मानवअधिकारको ठाडो उल्लंघन हो ।

अहिले आन्दोलनरत पक्षले अघि सारेका छ बुँदे मागहरू कुनै नाजायज वा असम्भव माग होइनन् । फर्जी तमसुक र चेक खारेजी, मिटरब्याज नियन्त्रणका लागि प्रभावकारी कानुन निर्माण, दोषीलाई कारबाही र विगतका सहमतिको कार्यान्वयनजस्ता मागहरू राज्यले सहजै पूरा गर्न सक्ने विषय हुन् । वार्ताका क्रममा गृहमन्त्रीले गौरीबहादुर कार्की, तेजबहादुर कार्की र बाबुराम रेग्मी आयोगका प्रतिवेदनहरू सार्वजनिक गर्न गृह मन्त्रालयलाई निर्देशन दिनु केही हदसम्म सकारात्मक देखिएता पनि यो मात्रै समस्याको स्थायी समाधान होइन । पीडितहरूले लामो समयदेखि मौखिक आश्वासनमात्रै पाउँदै आएकाले यसपटक उनीहरूले लिखित सहमतिको अडान लिनु पूर्णरूपमा न्यायसंगत छ ।

अझ अचम्मको कुरा त के छ भने वर्तमान सरकारमा सहभागी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले आफ्नो चुनावी बाचापत्रमा मिटरब्याजपीडितको समस्या समाधान गर्ने ठूला-ठूला कुरा उल्लेख गरेको थियो । तर सरकार गठन भएको १०० दिन बितिसक्दासमेत यस विषयमा ठोस प्रगति हुन सकेन । जब पीडितहरू काठमाडौंतर्फ पैदल मार्च गर्दै अघि बढे, तबमात्र उनीहरूलाई रोक्न हतार-हतार गृहमन्त्री मधेस दौडिए । यसले के देखाउँछ भने, सरकार समस्या समाधान गर्नभन्दा पनि आन्दोलन दबाउन र आफ्नो साख जोगाउन बढी केन्द्रित छ ।

आज देशको राजधानीमा इन्टर्न चिकित्सक, सुकुमबासीलगायत विभिन्न वर्ग आन्दोलित छन् । यस्तो अवस्थामा राज्यले नागरिकका आधारभूत समस्यालाई समयमै सम्बोधन नगर्ने हो भने मुलुक थप अराजकतातर्फ धकेलिन सक्छ । मिटरब्याजी साहुहरू राजनीतिक दल र शक्तिको आडमा सुरक्षित भइरहने र वास्तविक पीडितहरू सडकमा रोइरहने अवस्थाको अन्त्य हुनैपर्छ ।

**प्रकाशजंग कार्की**
चाबिल, काठमाडौं



**पर्यटक लोभ्याउने भुजुङ गाउँ** | लमजुङको क्व्होलासोथार गाउँपालिका–४ स्थित पर्यटकीय भुजुङ गाउँ । ढुंगाले छाएका मौलिक घर, गुरुङ संस्कृति र प्राकृतिक सौन्दर्यका कारण भुजुङ आन्तरिक तथा बाह्य पर्यटकको आकर्षक गन्तव्य बनेको छ । *तस्बिरः रासस*

# डेंगुको जोखिममा कञ्चनपुर सतर्कता अपनाउन आग्रह

**कञ्चनपुर–** कञ्चनपुरमा चालु आर्थिक वर्षको पछिल्लो छ महिनामामात्रै जिल्लामा २८ जनामा डेंगु संक्रमण पुष्टि भएको छ । सुदूरपश्चिम प्रदेशका नौ जिल्लामध्ये सबैभन्दा बढी संक्रमित कञ्चनपुरमै भेटिएपछि स्वास्थ्य निकायहरूले सतर्कता अपनाउन र समुदायस्तरमा रोकथामका गतिविधिलाई प्रभावकारी बनाउन आग्रह गरेका छन् ।

स्वास्थ्य कार्यालयका औलो निरीक्षक तथा कीटजन्य रोग सम्पर्क व्यक्ति (फोकल पर्सन) सिद्धराज भट्टका अनुसार जनवरीमा पाँच, फेब्रुअरीमा छ, मार्चमा पाँच, अप्रिलमा सात, मेमा दुई र जुनमा तीन जना गरी २८ जनामा डेंगु संक्रमण पुष्टि भएको हो । उनका अनुसार यही अवधिमा सुदूरपश्चिम प्रदेशभर कूल ७० जनामा संक्रमण देखिएको छ । जसमा कञ्चनपुरपछि अछाममा १३, कैलालीमा १०, डडेलधुरामा आठ, बझाङमा छ, डोटीमा तीन तथा दार्चुला र बैतडीमा एक-एक जना संक्रमित फेला परेका छन् ।

डेंगु ‘एडिस एजिप्टाई’ र ‘एडिस एल्बोपिक्टस’ प्रजातिको संक्रमित लामखुट्टेको टोकाइबाट सर्ने भाइरल रोग हो । यो लामखुट्टेले प्रायः सफा र जमेको पानीमा फुल पार्ने तथा दिउँसो बढी सक्रिय रहने भएकाले घर, विद्यालय, कार्यालय र सार्वजनिकस्थल वरपर पानी जम्न नदिन विशेष ध्यान दिन आवश्यक रहेको भट्टले बताए । ‘डेंगुका चार प्रकारका विषाणु हुन्छन्,’ भट्टले भने, ‘एकपटक लागेको प्रकारको डेंगु पुनः नलागे पनि अर्को प्रकारको संक्रमण हुनसक्छ, दोस्रोपटक हुने संक्रमण अझ जटिल र जोखिमपूर्ण हुने भएकाले थप सचेत रहन आवश्यक छ ।’

डेंगुको संक्रमणकाल सामान्यतया तीनदेखि १० दिनसम्म रहने गर्दछ । संक्रमण भएपछि १०२ देखि १०३ डिग्री फरेनहाइटसम्म ज्वरो आउने, टाउको दुख्ने, आँखाको गेडी दुख्ने, पेट तथा जोर्नी दुख्ने, वाकवाकी लाग्ने, शरीरमा राता बिमिरा देखिने तथा गम्भीर अवस्थामा आन्तरिक वा बाह्य रक्तस्रावसमेत हुनसक्ने स्वास्थ्य कार्यालयले जनाएको छ ।

ख शुक्लाफाँटा नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख परमानन्द भट्टले संक्रमित व्यक्तिको समयमै परीक्षण र उपचार गर्न सके डेंगुबाट हुने मृत्युदर दुई प्रतिशतभन्दा कममा सीमित गर्न सकिने बताए । उनका अनुसार शिशु, गर्भवती, ज्येष्ठ नागरिक, मोटोपन भएका व्यक्ति, दीर्घरोगी तथा अत्यधिक रक्तस्राव भएका बिरामी डेंगुको उच्च जोखिममा पर्दछन् । उनले ज्वरो कम गर्न सिटामोल प्रयोग गर्न सकिने तर आइबुप्रोफेन र एस्पिरिनजस्ता औषधि चिकित्सकको सल्लाहबिना कदापि प्रयोग नगर्न सुझाव दिए । एउटा एडिस लामखुट्टेको आयु करिब ३० दिन हुन्छ । यस अवधिमा एउटा पोथी लामखुट्टेले ५०० देखि एक हजारसम्म अण्डा पार्न सक्छ । संक्रमित लामखुट्टेको अण्डाबाट जन्मिने नयाँ लामखुट्टेमा पनि डेंगुको विषाणु रहन सक्छ ।

स्वास्थ्यकर्मी कृष्णराज जोशीका अनुसार डेंगु सार्ने लामखुट्टेका अण्डाहरू पानी नहुँदा पनि महिनौंसम्म जीवित रहन सक्छन् । त्यसैले पानी जम्न नदिनु नै यसको नियन्त्रणको सबैभन्दा प्रभावकारी उपाय हो । नेपालमा डेंगु पहिलोपटक २०६१ साल (सन् २००४) मा एक विदेशी नागरिकमा पुष्टि भएको थियो । त्यसयता यो संक्रमण हरेक वर्ष विभिन्न जिल्लामा फैलिरहेको छ । हाल जलवायु परिवर्तन, तीव्र सहरीकरण, कमजोर रोग निगरानी प्रणाली, समयमै परीक्षणको अभाव, बसाइँसराइ र समुदायको न्यून सहभागितालाई डेंगु नियन्त्रणका प्रमुख चुनौतीका रूपमा औंल्याइएको छ ।

कञ्चनपुरका नौवटै पालिकामा डेंगु सार्ने लामखुट्टेको लार्भा खोजी तथा नष्ट गर्ने (सर्च एन्ड डिस्ट्रोय) कार्यक्रमका लागि आवश्यक बजेटको व्यवस्था भइसकेको औलो निरीक्षक भट्टले जानकारी दिए । यस अभियानअन्तर्गत लार्भा नष्ट गर्नेसँगै सरसफाइ, जनचेतना अभिवृद्धि, समुदाय परिचालन तथा छलफल र गोष्ठी सञ्चालन गरिने स्वास्थ्य कार्यालयले जनाएको छ ।

स्वास्थ्यकर्मीले गमला, फूलदानी, ड्रम, टायर र बट्टाहरू नियमित सफा गर्न, खानेपानीका ट्याांकी ढाकेर राख्न, झ्यालढोकामा जाली लगाउन र दिउँसो सुत्दा पनि झुलको प्रयोग गर्न सर्वसाधारणमा अपिल गरेका छन् । *रासस*

# अझै पनि हुप्सेकोटका पहिरो विस्थापित अस्थायी शिविरमा



**मध्यविन्दु (नवलपरासी)–** नवलपरासी (बर्दघाट सुस्तापूर्व)को हुप्सेकोट गाउँपालिका-५ बागखोरका पहिरो विस्थापित १८ परिवार पाँच वर्षदेखि अस्थायी शिविरमै जीवन बिताउन बाध्य छन् । २०७८ असार २४ गतेको भीषण पहिरोले बस्ती नै विस्थापित गरेपछि उनीहरूलाई सुरक्षित स्थानमा सारिए पनि स्थायी पुनःस्थापनाको प्रक्रिया अझै टुंगोमा पुग्न सकेको छैन ।

पहिरोपछि सुरुमा विद्यालय र सामुदायिक भवनमा आश्रय लिएका विस्थापित अहिले हुप्सेकोट-१ जुकेपानीस्थित सानो चौरमा निर्माण गरिएका अस्थायी टहरामा बसिरहेका छन् । ब्लक र टिनले बनेका साँघुरा कोठा, सीमित खुला ठाउँ र आधारभूत पूर्वाधारको अभावबीच उनीहरूको दैनिकी बितिरहेको छ ।

स्थायी बसोबासको आशा गर्दै बितेका पाँच वर्षले अहिले उनीहरूमा निराशा बढाएको छ । दैनिक ज्याला-मजदुरी गरेर जीविकोपार्जन गरिरहेका विस्थापित परिवारका सदस्यहरू वर्षायाम सुरु भएसँगै फेरि पानी र सर्पको त्रासमा रात बिताउन बाध्य छन् ।

स्थानीय तिलबहादुर सोमै मगरले अस्थायी शिविरमै वर्षौं बित्दा स्थायी घर पाउने आशा क्रमशः क्षीण बन्दै गएको बताए । ‘केही समयका लागि भनेर राखिएको शिविरमै पाँच वर्ष बित्यो, हरेक वर्ष वर्षा सुरु भएपछि फेरि त्यही त्रास दोहोरिन्छ । बालबालिका, ज्येष्ठ नागरिक र महिलालाई सुरक्षित राख्न निकै कठिन छ । हामीलाई सुरक्षित स्थानमा स्थायी बसोबासको व्यवस्था गरिदिए पुग्थ्यो,’ उनले भने ।

पहिरोअघि विस्थापित परिवारसँग प्रतिघर एकदेखि तीन बिघासम्म खेतीयोग्य जमिन, घर र पशुपालनको आधार थियो । पहिराले घरमात्र होइन, उनीहरूको जीविकोपार्जनको आधारसमेत बगायो । अहिले अधिकांश परिवार दैनिक मजदुरीकै भरमा जीवन धानिरहेका छन् ।

स्थानीय दिलमाया सोमै मगरले पहिरोले गाउँ नै भासिएको दृश्य अझै आँखाबाट नहटेको बताए । ‘पहिरोपछि यही शिविरमा आएर सुत्केरी भएँ । मेरो बच्चा यहीँ हुर्किएर अहिले पाँच वर्षको भयो,’ उनले भने, ‘तर हाम्रो स्थायी घर बन्ने कुरा अझै अन्योलमै छ । कहिलेसम्म अस्थायी जीवन बिताउने भन्ने चिन्ता छ ।’

खेमबहादुर सोमै मगरले आफूहरूको समस्या समाधानका लागि तीनै तहका सरकारबीच समन्वय हुन नसक्दा विस्थापितले सास्ती खेप्नुपरेको बताए । ‘सरकारले प्रक्रिया अघि बढेको भन्छ, तर हाम्रो जीवन भने यही अस्थायी टहरामै बितिरहेको छ,’ उनले भने । हुप्सेकोट गाउँपालिकाले स्थायी पुनःस्थापनाका लागि आवश्यक सबै प्रक्रिया वर्षौंअघि नै पूरा गरिसकेको गाउँपालिका अध्यक्ष लक्ष्मीदेवी पाण्डेले जानकारी दिइन् । तर पुनःस्थापनाका लागि आवश्यक निर्णय गृह मन्त्रालयबाट नआउँदा काम अघि बढ्न नसकेको उनको भनाइ छ ।

‘पहिरो विस्थापितको स्थायी आवास निर्माणका लागि गाउँपालिकाले आफ्नोतर्फबाट आवश्यक प्रक्रिया पूरा गरिसकेको छ,’ अध्यक्ष पाण्डेले भने, ‘तर गृह मन्त्रालयबाट आवश्यक निर्णय हुन नसक्दा पुनःस्थापनाको काम अघि बढ्न सकेको छैन । निर्णय प्राप्त हुनेबित्तिकै निर्माण प्रक्रिया सुरु गर्न गाउँपालिका तयार छ ।’

उनका अनुसार हुप्सेकोट गाउँपालिकाका-५ र ६ का अधिकांश पहाडी बस्ती अहिले पनि पहिरो र भूक्षयको उच्च जोखिममा छन् । प्रत्येक वर्ष मनसुन सुरु भएसँगै ती क्षेत्रमा बसोबास गर्ने स्थानीय त्रासमा बस्नुपर्ने अवस्था रहेको उनले बताए । *रासस*

# तत्कालीन थारु राज्यको राजधानी सुकौराकोट संरक्षण गरिँदै

**दाङ–** थारू राजादंगीशरणले १३औं शताब्दीमा राजधानी बनाएर राज्य गरेको तुलसीपुर उपमहानगरपालिका-११ सुकौराकोट क्षेत्रको संरक्षण गरिने भएको छ । पर्यटन डिभिजन कार्यालय, कोहलपुरले दरबारको संरक्षण, जीर्णोद्धार तथा पुनर्निर्माणका लागि बोलपत्र आह्वान गरेको हो ।

थारू समुदायको ऐतिहासिक तथा सांस्कृतिक महत्त्व बोकेको ठाउँ भए पनि लामो समयदेखि संरक्षण हुन सकेको थिएन । उक्त क्षेत्रको भौतिक पूर्वाधार निर्माण गर्न चार करोड ९० लाख रूपैयाँको बोलपत्र आह्वान गरिएको नगरपालिकाले जनाएको छ । लुम्बिनी प्रदेशका पूर्वमुख्यमन्त्री डिल्लीबहादुर चौधरीले संरक्षण र पुनर्निर्माणपछि पर्यटन गन्तव्यका रूपमा सुकौराको विकास र विस्तार हुने विश्वास व्यक्त गरे ।

हाल सुकौरामा रहेको भ्युटावर भने अहिले पनि सबैको आकर्षणका रूपमा रहेको छ । यसअघि त्यहाँ निर्माण भएको हरितपार्क भने पछिल्लो समय अलपत्र अवस्थामा छ । त्यस क्षेत्रलाई थारू सभ्यता र इतिहाससँग जोडिएको महत्त्वपूर्ण दरबार क्षेत्रका रूपमा लिने गरिएको छ । सो स्थानमा दंगीशरणले शिकार खेलेको, नुहाएको र राजकाज गर्ने क्रममा निर्माण गरिएको कोटलगायतका संरचना अहिले पनि देख्न सकिन्छ ।

दाङमा औलो लाग्ने र गर्मी हुने भएकाले दंगीशरणले गर्मी छल्नका लागि त्यस क्षेत्रको चुरे पहाडको शिखरमा बनाइएका भौतिक पूर्वाधारसहितको क्षेत्रलाई राजाकोट नामले परिचित छ । त्यस्तै राजाको दरबारको नजिक शिकार खेल्ने वन र रानी नुहाउने गरेको बुल्बुल्या तालसमेत रहेको छ । *रासस*

# वन्यजन्तुका लागि भुल्के छोक्ला सामुदायिक वनमा पोखरी निर्माण



**भोजपुर–** वन्यजन्तुको संरक्षण र पानीको अभाव कम गर्ने उद्देश्यले भोजपुरको भुल्के छोक्ला सामुदायिक वनमा पोखरी निर्माण गरिएको छ । सुक्खा समयमा वन्यजन्तुलाई पानीको समस्या नहोस् भन्ने उद्देश्यले उक्त पोखरी निर्माण गरिएको हो ।

डिभिजन वन कार्यालय भोजपुरको समन्वय र प्राविधिक सहयोगमा सामुदायिक वन उपभोक्ता समूहले पोखरी निर्माण गरेको हो । वन क्षेत्रमा तापक्रम बढ्नु र पानीका स्रोत सुक्दै जान थालेपछि वन्यजन्तु बस्ती क्षेत्रमा पस्ने समस्या बढ्दै गएको छ । यस्तो अवस्थामा त्यस्ता पोखरीले वन्यजन्तु संरक्षणमा सहयोग पुग्ने डिभिजन वन कार्यालयका प्रमुख खुद्रुस मियाले बताए ।

डिभिजन वन कार्यालयका वन अधिकृत नुर मुहमत मियाकाअनुसार वन्यजन्तु तथा बासस्थान संरक्षण कार्यक्रमअन्तर्गत पोखरी निर्माण गरिएको हो । पोखरी निर्माणमा कार्यालयको पाँच लाख रूपैयाँ र उपभोक्ता समूहको श्रमदानबराबर ५३ हजार रूपैयाँ गरी कूल पाँच लाख ३८ हजार रूपैयाँ खर्च भएको छ । वन क्षेत्रमा नै पानीको व्यवस्था भएपछि मानव-वन्यजन्तु द्वन्द्व कम गर्न सहयोग पुग्ने उनले बताए । ‘वनमा पानीको अभाव हुँदा वन्यजन्तु बस्तीमा पस्ने गरेका छन् । त्यसलाई रोक्न यस्ता संरचना आवश्यक छन्,’ उनले भने ।

डिभिजन वन कार्यालयका कर्मचारी सीताराम ओझाले पोखरी निर्माणले वन्यजन्तु संरक्षणमा महत्त्वपूर्ण सहयोग पुग्ने बताए । पानी सहजरूपमा उपलब्ध भएपछि वन्यजन्तुलाई वन क्षेत्रमै बस्न सहज हुने उनको भनाइ छ । सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष हर्कबहादुर भट्टराईले पोखरी निर्माणले वनको जैविक विविधता संरक्षणमा सहयोग पुग्ने बताए । यस्ता संरचनाले वन्यजन्तुको बासस्थान जोगाउन र वातावरणीय सन्तुलन कायम राख्न मद्दत गर्ने उनले बताए ।

जलवायु परिवर्तनका कारण पानीका मुहान सुक्दै जानु र खडेरी बढ्दै जाँदा वन्यजन्तु संरक्षण चुनौतीपूर्ण बन्दै गएको छ । यस्तो अवस्थामा भुल्के छोक्ला सामुदायिक वनमा निर्माण गरिएको पोखरी वन्यजन्तु संरक्षणका लागि उपयोगी हुने स्थानीयवासीको भनाइ छ । वन कार्यालयले आगामी दिनमा पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिने जनाएको छ । *रासस*


**युएइमा रोजगार** | कम्पनी : TAMOUH EMPLOYMENT LLC

पूर्व स्वीकृति मिति : २०८२/०६/३१ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/03/३१ | LT. No. 332554 | चलानी नं. ६०२४६३१७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 25 | 0 | 1500 | ६२,६०५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Electrician. | 25 | 0 | 1500 | ६२,६०५ | | | | | | | |
| 3. | Building Labour | 100 | 0 | 1000 | ४१,७३५ | | | | | | | |
| 4. | Steel Fixers | 25 | 0 | 1500 | ६२,६०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ साउन ७ गते (23rd July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**MBK OVERSEAS PVT. LTD.**
Samakhusi, Ktm, Nepal, Tel:- +977-4989760 / 4989761, Bishnu: 9851112074, Ganesh : 9841777604, Rajesh : 9801072971, Web: www.mbkoverseas.com.np, Email: mbkoverseas@gmail.com
श्रम ईजाजत नं. ५४२/०६१/०६२

**Mauritius मा रोजगार** | कम्पनी : CHINA JIANGSU INTERNATIONAL ECONOMIC AND TECHNICAL COOPERATION GROUP, LTD

पूर्व स्वीकृति मिति : २०८२/०६/३० | पुन विज्ञापन स्वीकृति मिति : २०८३/03/३१ | LT. No. 332474 | चलानी नं. ६०२४९५०७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब MUR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 30 | 0 | 20000 | ६५,०८५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cook | 10 | 0 | 20000 | ६५,०८५ | | | | | | | |
| 3 | Mason. | 84 | 0 | 20000 | ६५,०८५ | | | | | | | |
| 4 | Steel Fixer | 92 | 0 | 20000 | ६५,०८५ | | | | | | | |
| 5 | TILE MASON | 49 | 0 | 20000 | ६५,०८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ साउन ७ गते (23rd July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GRACE OVERSEAS PVT. LTD.**
Chappalkarkhana-04, Kathmandu, Nepal, Tel : +977-01-4526853, Mobile: 9851086232, 985-2071785, Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np
Govt. License 852/066/067

**कुवेतमा रोजगारको अवसर** | Free Visa!! Free Ticket!!

कम्पनी : FOUR SEASONS HOTELS

पूर्व स्वीकृति मिति : २०८१/०९/२४ | पुनः विज्ञापन स्वीकृति मिति : २०८३/03/३१ | LT. No. 316853 | चलानी नं. ६०२३१०७३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter/Waitress | 1 | 0 | 145 | ७१,७७५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Housekeeping Attendant | 2 | 2 | 145 | ७१,७७५ | | | | | | | |

कम्पनी : AL-JAHRA TOURISM COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०९/०९ | पुनः विज्ञापन स्वीकृति मिति : २०८३/03/३१ | LT. No. 315889 | चलानी नं. ६०२३०१७५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Laundry Attendant/general Cleaner | 2 | 0 | 100 | ४९,५०० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner/steward | 2 | 0 | 100 | ४९,५०० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ साउन ७ गते (23rd July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने | भिषा शुल्क कसले दिने | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्कः | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**VISION & VALUE OVERSEAS PVT. LTD.**
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450, Tribhuban Sen Mobile No. 9767659355, E-mail : apply@vnvnepal.com | URL: www.vnvnepal.com
श्रम ईजाजत नं. ८२२/०६६/०६७

**कुवेत/साउदीमा रोजगार** | कम्पनी : NUMOU INTERNATIONAL FOR FOOD SUPPLIES COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०७/१७ | पुनः विज्ञापन स्वीकृति मिति : २०८३/03/३१ | LT. No. 333140 | चलानी नं. ६०२४६८२६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ASSISTANT OPERATOR | 20 | 0 | 100 | ४९,५०० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electrician (Maintenance) | 8 | 0 | 200 | ९९,००० | | | | | | | |
| 3 | Helper | 25 | 0 | 250 | १२३,७५० | | | | | | | |
| 4 | Indoor Cleaners | 4 | 0 | 275 | १३६,१२५ | | | | | | | |
| 5 | Machine Operators | 20 | 0 | 180 | ८९,१०० | | | | | | | |
| 6 | Material Handler | 4 | 0 | 140 | ६९,३०० | | | | | | | |
| 7 | Mechanic Technician | 8 | 0 | 120 | ५९,४०० | | | | | | | |
| 8 | Quality Controller | 4 | 0 | 150 | ७४,२५० | | | | | | | |

कम्पनी : KHAYRAT COMPANY LTD

पूर्व स्वीकृति मिति : २०८३/03/३१ | LT. No. 344997 | चलानी नं. ६०२५८२४७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 2 | 0 | 1000 | ४०,७३५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner Utensils | 6 | 0 | 1000 | ४०,७३५ | | | | | | | |

कम्पनी : KINDA RESTAURANT COMPANY

पूर्व स्वीकृति मिति : २०८३/03/३१ | LT. No. 344993 | चलानी नं. ६०२५८२४६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Kitchen Helper | 5 | 0 | 140 | ६९,३०० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner General | 8 | 6 | 120 | ५९,४०० | | | | | | | |
| 3 | Chef | 5 | 0 | 170 | ८४,१५० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ साउन ७ गते (23rd July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

प्रभाव दैनिक

## रूपशाला

### सनिशा 'शुभ विवाह'मा

अभिनेत्री सनिशा भट्टराई फिल्म 'शुभ विवाह'मा अनुबन्ध भएकी छन् । उनी फिल्ममा अभिनेता प्रदीप खड्काको जोडीका रूपमा देखिन लागेकी हुन् । स्रोतका अनुसार सनिशाले केही सातअघि नै फिल्म साइन गरेकी हुन् । अहिले कलाकारहरूको वर्कसप समेत चलिरहेको बताइएको छ । निर्माण टिमले साउनभित्र औपचारिक कार्यक्रम आयोजना गर्दै कलाकारसहित फिल्मबारे औपचारिक घोषणा गर्ने तयारी रहेको स्रोतको भनाइ छ । यो फिल्ममार्फत सुदर्शन र प्रदीपले करिब एक दशकपछि पुनः सहकार्य गर्न लागेका हुन् ।



बिहीबार, ३२ असार २०८३ (Thursday, 16 July 2026)

# चलचित्र 'गौँथली'को अग्रिम टिकट बुकिङ खुला, २०० बढी शो पाउने अपेक्षा

■ प्रभाव संवाददाता

**काठमाडौं–** भोली (शुक्रबार)बाट प्रदर्शनको तयारीमा रहेको चलचित्र 'गौँथली'को अग्रिम टिकट बुकिङ खुला भएको छ । प्रदर्शन मिति नजिकिएसँगै राजधानी र मोफसलका अधिकांश मल्टिप्लेक्सहरूले मंगलबारदेखि नै चलचित्रको शो सार्वजनिक गर्दै बुकिङ खुला गरेका हुन् ।

देशकै ठूलो मल्टिप्लेक्सन चेन क्यूएफएक्सले शुक्रबारका लागि शो निकालेको छ । दोस्रो ठूलो मल्टिप्लेक्स चेन आइएनआई, वान सिनेमाजलगायतले पनि शो निकालेका छन् । देशभरका अधिकांश हलहरूले यो चलचित्रको अग्रिम टिकट बुकिङ खुलाएका छन् । चलचित्रका वितरक करण श्रेष्ठ 'क्रेजी'का अनुसार हलहरूले शो उपलब्ध गराउने क्रम जारी छ । उनले भोलिसम्ममा देशभरका हलहरूबाट 'गौँथली'ले २०० भन्दा बढी शो पाउने दाबी गरेका छन् ।

'शो खुल्ने क्रममै छ, अहिले नै यति शो भन्न सकिन्न,' वितरक श्रेष्ठ भन्छन्,'तर भोलि सम्ममा देशभरबाट २ सय भन्दा बढी शो आउँछ ।'

प्रिमियरमा राम्रो प्रतिक्रियासहित उच्च हाइप बनाएको सिनेमाले राम्रो ग्रकसलेक्सन गर्नेमा निर्माण टिम विश्वस्थ छ । प्रिमियरमा सिनेमा




हेरेकाले विषय, अभिनय र प्रस्तुतिले दर्शकलाई तन्ने प्रतिक्रिया दिएपछि निर्माण टिम त्यसको सकारात्मक प्रभाव हलमा देखिनेमा ढुक्क छ ।

कपिल रिजालले निर्देशन गरेको चलचित्रमा अरुण क्षेत्री, सिम्रन खड्का, मदनकृष्ण श्रेष्ठ, प्रकाश घिमिरे, लुनिभा तुलाधर, रवीन्द्र झा, ईश्वरी बराल, सन्जोग रसाइली, सीतादेवी तिमिल्सिना, लक्ष्मीनाथ तिमिल्सिना र राजेन्द्र नेपालीको अभिनय रहेको छ । बाल कलाकारका रूपमा अंशु ओली र प्रिन्स नेपालीले अभिनय गरेका छन् ।

भोला रिजाल प्रोडक्सन र सुमन गिरी प्रोडक्सनको प्रस्तुतिमा बनेको चलचित्रको कार्यकारी निर्माता सरला रिजाल छिन् । निर्माताको रूपमा सुमन गिरी र डा. कपिल रिजाल छन् । इन्दु गिरी, मनिष रिजाल, प्रलय रिजाल र जीवन ओली सह-निर्माताको रूपमा रहेका छन् ।

डा. भोला रिजालको कथा रहेको चलचित्रको पटकथा तथा संवाद लेखनमा निर्देशक डा. कपिलसँगै निश्चल कुँवर, निरज नेपाल र गिरिराज घिमिरेले सहकार्य गरेका छन् । गिरिराज घिमिरे मुख्य सहायक निर्देशक रहेको यस चलचित्रमा हरि हुमागाईंको छायांकन, मिलन श्रेष्ठको सम्पादन छ । यो चलचित्रलाई रिच इन्टरटेनमेन्ट, एप्पल इन्टरटेनमेन्ट, र एफ.डी. कम्पनीले वितरण गर्ने छन् । डिजिटल पार्टनर 'ओएसआर डिजिटल' रहेको छ ।

# 'हली' को विदेशमा दबदबा


## साउन २२ मा रिलिज हुने 'हली' साइप्रसमा 'सोल्ड आउट'

■ प्रभाव संवाददाता

**काठमाडौं –** वास्तविक जीवनका घटनाहरूबाट प्रेरित भई निर्माण गरिएको प्रतीक्षित नेपाली चलचित्र 'हली' नेपाल प्रदर्शनमा आउनु अगावै साइप्रसमा भव्य रूपमा 'सोल्ड आउट' भएको छ । आगामी साउन २२ गतेबाट अल नेपाल प्रदर्शनको तयारीमा रहेको यस फिल्मको साइप्रस प्रदर्शन अधिकार शतप्रतिशत बिक्री भइसकेको निर्माताद्वय पूजा गुरुङ र जशिमन श्रेष्ठले जानकारी दिएका छन् ।

शुभ चिरायू फिल्मस् र जापुरा फिल्मस् प्रोडक्सनको सहकार्यमा निर्माण भएको यस फिल्मलाई साइप्रसका वितरकले खरिद गरिसकेका छन् भने यतिबेला अन्य देशहरूमा पनि प्रदर्शन अधिकार बिक्रीका लागि तीव्र कुराकानी भइरहेको निर्माण पक्षले जनाएको छ । अन्य देशको शो सुनिश्चित हुनासाथ छिट्टै मिडियामार्फत आधिकारिक जानकारी दिइने निर्माताद्वयको भनाइ छ ।

प्रमोसनल गीत र आकर्षक पोस्टर सार्वजनिक भएसँगै चर्चामा रहेको 'हली' को बजारमा व्यापक प्रचारप्रसार भइरहेको छ । गत वर्ष व्यावसायिक रूपमा सफल फिल्म 'मोहर' निर्देशन गरेका स्थापित निर्देशक तथा लेखक ओम प्रतीकको निर्देशनमा यो फिल्म तयार भएको हो । समाज र देशमा सकारात्मक परिवर्तन ल्याउनका




लागि एउटै 'हली' पनि काफी हुन्छ भन्ने बलियो र गहन सन्देश फिल्मले बोकेको छ । अघिल्लो फिल्म जस्तै यस पटक पनि दर्शकले उत्तिकै माया दिनेमा निर्माण पक्ष पूर्ण रूपमा ढुक्क देखिएको छ ।

व्यवसायीद्वय पूजा गुरुङ र जशिमन श्रेष्ठको लगानी रहेको यस फिल्ममा प्रमोद दीप, सुजता थापा, सरोज खनाल, अरुणा कार्की, अर्जुन गुरुङ, विद्या कार्की, नविन श्रेष्ठ, कञ्चन दुलाल, कमल गाउँले र विशाल पहाडीको मुख्य भूमिका रहेको छ भने स्वयम् निर्देशक ओम प्रतीक पनि विशेष भूमिकामा देखिनेछन् ।

फिल्मको मुख्य आकर्षणको रूपमा एउटा विशेष प्रमोशनल गीत समावेश गरिएको छ, जसमा नेपाली रजतपतका शीर्ष कलाकारहरू दीपाश्री निरौला, किरण केसी, दिलीप रायमाझी, प्रियंका कार्की र पूजा शर्माले कम्मर मर्काएका छन् । यो विशेष गीतको कोरियोग्राफी स्थापित कोरियोग्राफर कविराज गहतराजले गरेका हुन् भने फिल्मका अन्य गीतहरूमा ओम प्रतीक र कविराजले संयुक्त रूपमा नृत्य निर्देशन गरेका छन् ।

प्राविधिक तथा संगीत पक्षमा पनि फिल्म निकै बलियो छ । फिल्ममा वरिष्ठ संगीतकार शम्भुजित बास्कोटा, बाबुल गिरी र कृष्ण भारद्वाजको उत्कृष्ट संगीत सुन्न पाइनेछ। जशिमन श्रेष्ठको शब्द र बाबुल गिरीको संगीत रहेको मुख्य गीतमा संगीतकार गिरी र चर्चित गायिका शान्ति श्री परियारको दमदार स्वर रहेको छ ।

फिल्मका कार्यकारी निर्माता अर्जुन भुसाल, सह-निर्मात्री नम्रता भण्डारी, लाइन प्रोड्यूसर लक्ष्मण कर्माचार्य र मुख्य सहायक निर्देशक जीवननाथ गौतम हुन् । राहुल राईको सुन्दर छायांकन रहेको यस फिल्मलाई रामप्रसाद चौधरी र विपिन मल्लले सम्पादन गरेका हुन् भने द्वन्द्व निर्देशन कुमार महर्जनको रहेको छ ।

नेसनल सिने ग्रुप प्रालिले वितरण गर्न लागेको यस फिल्मको डिजिटल पार्टनर ओएसआर डिजिटल रहेको छ । देशभित्र र बाहिर एकसाथ तातिरहेको चर्चाले 'हली' ले हलमा राम्रो व्यापार गर्ने स्पष्ट संकेत देखाएको छ






# फ्रान्सलाई पराजित गर्दै स्पेन फाइनलमा



■ प्रभाव संवाददाता

**काठमाडौं –** उपाधिको प्रबल दाबेदार मानिएको फ्रान्समाथि रवाफिलो प्रदर्शन गर्दै स्पेन फिफा विश्वकप २०२६ को फाइनलमा प्रवेश गरेको छ । मंगलबार मध्यराति किलियन एम्बाप्पे, माइकल ओलिसे, ओसामान डेम्बेले जस्ता स्टार खेलाडीले भरिएको फ्रान्सको आक्रमण स्पेनको रक्षात्मक लाइनसामू निरीह बन्दा विश्व फुटबलले २-० को अप्रत्याशित नतिजा आत्मसात गर्यो ।

विजेता टोलीका लागि स्ट्राइकर मिकेल ओयार्जाबालले २०औं मिनेटमा टोलीलाई अग्रता दिलाए । लेफ्टब्याक लुका डिनेले बल क्लियर गर्ने क्रममा लामिन यमाललाई फउल गर्दा स्पेनले पेनाल्टी प्राप्त गरेको थियो । प्राप्त अवसरलाई 'मिस' गर्ने छुट ओयार्जाबालसँग थिएन । प्रतियोगितामा पाँचौं गोल गरेका ओयार्जाबालको प्रहार वास्तवमै सान्दार रह्यो । फ्रान्सका गोलकिपर माइक मैगननले सही दिशामा 'डाइभ' दिए पनि बललाई रोक्न असम्भव जस्तै देखिएको थियो ।

डिनेको गल्ती फ्रान्सले पहिलो हाफमा गरेको खराब प्रदर्शनको सारांश थियो । त्यसमाथि गोल खाएको १० मिनेटपछि सेन्टरब्याक विलियम सालिबा ढाडको चोटका कारण मैदान छाड्न बाध्य हुँदा अन्तिमपटक फ्रान्सको टचलाइन सम्हालिरहेका डिडियर डेसाउँलाई थप पीडा दिएको थियो ।

रसिया २०१८ को च्याम्पियन तथा कतार २०२२ को उपविजेता फ्रान्सले दोस्रो हाफमा केही सुधारिएको प्रदर्शन प्रस्तुत गर्‍यो । स्पेनका राइटब्याक पेड्रो पोरोले मिडफिल्डर ड्यानी ओल्मोसँगको 'वान-टु कम्बिनेशन प्ले'मार्फत अग्रतालाई दोब्बर बनाए । अन्तिम सट प्रहार गर्नुअघि पोरो आत्तिएनन् । नियर पोस्टमा उनले मैगननलाई सहजै बिट गरे ।

स्पेन १६ वर्षपछि पहिलोपटक विश्वकपको फाइनलमा प्रवेश गरेको छ । दक्षिण अफ्रिका २०१० मा टोलीले पहिलो फाइनल अनुभवमै उपाधि उचालेको थियो ।

### फ्रान्स आफ्नो उत्कृष्ट स्तरमा थिएन: प्रशिक्षक

फिफा विश्वकपको सेमिफाइनलमा स्पेनसँग २-० ले पराजित भएपछि फ्रान्सका मुख्य प्रशिक्षक डिडिएर डेसच्याम्प्सले आफ्नो टोली प्राविधिक रूपमा अपेक्षित स्तरमा प्रदर्शन गर्न नसकेको बताएका छन् ।

'जित्ने आशा राख्ने हो भने हामी आफ्नो उत्कृष्ट स्तरमा हुनुपर्थ्यो,' डेसच्याम्प्सले भने, 'दुर्भाग्यवश, हामी त्यो स्तरमा पुग्न सकेनौं ।'

'स्पेनले आज निकै राम्रो रक्षात्मक प्रदर्शन गर्‍यो,' डेसच्याम्प्सले भने, 'उनीहरूले हामीलाई धेरै कम ठाउँ दिए । त्यसमाथि हामीले प्राविधिक गल्ती गर्दा उनीहरूका लागि समस्या सिर्जना गर्न कठिन भयो ।'

समूह चरणदेखि क्वार्टरफाइनलसम्म फ्रान्सका किलियन एम्बाप्पे, उस्मान डेम्बेले र माइकल ओलिसेले संयुक्त रूपमा १३ गोल र १० असिस्ट गरेका थिए । तर स्पेनविरुद्ध तीनै खेलाडीले संयुक्त रूपमा पाँच प्रहार मात्र गर्न सके ।

डेसच्याम्प्सका अनुसार पासिङ, खेल निर्माण र विपक्षीको चाल बुझ्ने क्षमतामा स्पेन उत्कृष्ट देखिएको थियो ।

'हामीले समाधान खोज्न सकेनौं । हाम्रो आक्रमण र प्राविधिक क्षमता आफैं हराएको मात्र होइन, विपक्षी टोलीको प्रदर्शन पनि यसको प्रमुख कारण थियो,' उनले भने ।

लामिन यामाललाई फ्रान्सका डिफेन्डर लुकास डिग्नेले पेनाल्टी क्षेत्रभित्र फाउल गरेपछि स्पेनले पेनाल्टी पाएको थियो । डेसच्याम्प्सले पेनाल्टीसहित खेलका अन्य निर्णयमा पनि असन्तुष्टि जनाएका थिए ।

फ्रान्स भने लगातार तेस्रोपटक विश्वकपको सेमिफाइनल र लगातार चौथोपटक क्वार्टरफाइनल पुगेको हो । पछिल्ला २१ विश्वकप खेलमा निर्धारित समयभित्र फ्रान्सको यो केवल दोस्रो हार हो ।

# पदक विजेता खेलाडीलाई नगदसहित सम्मान गरिने



■ प्रभाव संवाददाता

**काठमाडौं –** सरकारले अन्तरराष्ट्रिय खेलकुद प्रतियोगितामा पदक जित्ने नेपाली खेलाडी तथा खेलाडी टोलीलाई नगद पुरस्कारसहित सम्मान गर्ने निर्णय गरेको छ ।

मन्त्रिपरिषद्को मंगलबार बसेको बैठकले अन्तरराष्ट्रिय प्रतियोगितामा पदक हासिल गरेका खेलाडी, प्रशिक्षक, सहायक प्रशिक्षक, फिजियो र व्यवस्थापकलाई नगद पुरस्कार तथा सम्मान-पत्र प्रदान गर्ने निर्णय गरेको हो । शिक्षा तथा खेलकुद मन्त्रालयले खेलाडीको सम्मान र प्रोत्साहनका लागि नगद पुरस्कारसहित सम्मान गर्ने प्रस्ताव मन्त्रिपरिषद्मा पेस गरेको थियो । सोही प्रस्तावका आधारमा सरकारले अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक हासिल गरेका खेलाडी तथा खेलाडी टोलीलाई सम्मान गर्न लागेको हो ।

मन्त्रालयका अनुसार राष्ट्रिय खेलकुद विकास नियमावली, २०७९ (दोस्रो संशोधन, २०८२) अनुसार खेलाडी, प्रशिक्षक, सहायक प्रशिक्षक, व्यवस्थापक तथा फिजियोसहितको टोलीलाई कूल रु १० करोड ५१ लाख ४८ हजार ५०० नगद पुरस्कार प्रदान गरिनेछ । यसअघि पनि अन्तरराष्ट्रिय पदक विजेता खेलाडीलाई नगद पुरस्कार प्रदान गरिँदै आए पनि यो हालसम्मकै ठूलो नगद पुरस्कार राशि हो । सरकारले खेलाडी तथा खेलाडी टोलीलाई प्रोत्साहन गर्ने उद्देश्यले पहिलो पटक यति ठूलो रकम पुरस्कारस्वरूप प्रदान गर्न लागेको मन्त्रालयले जनाएको छ ।

मन्त्रालयको वार्षिक कार्यक्रमअनुसार अन्तरराष्ट्रिय प्रतियोगितामा पदक विजेता खेलाडी, प्रशिक्षक, सहायक प्रशिक्षक, व्यवस्थापक तथा फिजियोसहितका १०१ जनालाई नगद पुरस्कारसहित सम्मान गरिनेछ । प्रस्तावित पुरस्कार सूचीमा मालदिभ्समा सम्पन्न १५औं विश्व बडी बिल्डिङ एन्ड फिजिकल च्याम्पियनसिप-२०२४ का पदक विजेता चार खेलाडी समावेश छन् । त्यसैगरी, भारतमा सम्पन्न प्रथम खो-खो विश्वकप-२०२५ मा रजत पदक प्राप्त गर्ने महिला टोलीका १८ तथा पुरुष टोलीका १८ खेलाडीलाई पनि पुरस्कार प्रदान गरिनेछ ।

त्यस्तै, युडब्लु एसियन बेल्ट रेस्लिङ-२०२५ का कास्य पदक विजेता तीन खेलाडी, मलेसियामा सम्पन्न १०औं एसियाली पारा तेक्वान्दो प्रतियोगिता-२०२५ का कास्य पदक विजेता तीन खेलाडी, चीनमा सम्पन्न छैटौं एसियन बीच गेम्स-२०२६ अन्तर्गत बीच कबड्डी महिला टोलीका कास्य पदक विजेता सात खेलाडी तथा मलेसियामा सम्पन्न एसिसी मेन्स यू-१६ इस्ट जोन कप-२०२५ का स्वर्ण पदक विजेतासहित १७ खेलाडीलाई पनि मन्त्रालयले पुरस्कृत गर्नेछ ।

यस्तै, थाइल्यान्डमा सम्पन्न ५७औं बडी बिल्डिङ एन्ड फिजिकल च्याम्पियनसिप-२०२५ का कास्य पदक विजेता एक खेलाडी, श्रीलंकामा सम्पन्न एसियन प्यासिफिक मोटरस्पोर्ट च्याम्पियनसिप-२०२५ का स्वर्ण पदक विजेता एक खेलाडी, बहराइनमा सम्पन्न आइएसएफ जिम्नासियाड-२०२४ का स्वर्ण र कास्य पदक विजेता नौ खेलाडी तथा ओमानमा सम्पन्न एसिसी मेन्स इस्ट जोन क्वालिफायर-२०२४ मा स्वर्ण पदक जित्दै विश्वकपमा छनोट भएका २० खेलाडीलाई पनि नगद पुरस्कार प्रदान गरिनेछ ।

राष्ट्रिय खेलकुद परिषद्को सिफारिसका आधारमा तयार गरिएको प्रस्ताव मन्त्रिपरिषद्बाट स्वीकृत भएसँगै सम्बन्धित खेलाडी तथा टोलीलाई नगद पुरस्कारसहित सम्मान गरिने मन्त्रालयले जनाएको छ ।



दक्षिणपश्चिम चीनको युनान प्रान्तको सिशुआङबन्ना दाई स्वायत्त प्रान्तस्थित जिङहोङमा रहेको स्टारलाइट नाइट मार्केटको दृश्य ।

*तस्बिर: सिन्हुवा*

# चीनको आर्थिक वृद्धि तीन वर्षयताकै न्यून

**बेइजिङ–** चीनको अर्थतन्त्र सन् २०२६ को दोस्रो त्रैमासिकमा तीन वर्षयताकै सबैभन्दा सुस्त गतिमा विस्तार भएको छ । कृत्रिम बौद्धिकता (एआई) सम्बन्धी विश्वव्यापी मागका कारण निर्यात बलियो रहे पनि मध्यपूर्वको युद्धबाट उत्पन्न व्यापारिक अवरोध, कमजोर घरेलु माग र सम्पत्ति क्षेत्रको लामो संकटले आर्थिक वृद्धिमा दबाब परेको सरकारी तथ्यांकले देखाएको छ ।




चीनको राष्ट्रिय तथ्यांक ब्युरो (एनबिएस)ले अप्रिलदेखि जुनसम्मको अवधिमा अर्थतन्त्र ४.३ प्रतिशतले विस्तार भएको जनाएको छ । यो एएफपीले सर्वेक्षण गरेका अर्थशास्त्रीहरूको ४.५ प्रतिशतको अनुमानभन्दा कम हो भने सन् २०२२ को चौथो त्रैमासिकयताकै न्यून वृद्धि हो । यो चीन सरकारले चालु वर्षका लागि तय गरेको ४.५ देखि पाँच प्रतिशतको आर्थिक वृद्धि लक्ष्यभन्दा पनि तल रहेको छ ।

एनबिएसले पहिलो छ महिनामा राष्ट्रिय अर्थतन्त्र समग्रमा स्थिर दायरामै सञ्चालन भएको जनाएको भए पनि बाहृय वातावरण अझै अनिश्चित रहेको र देशभित्र उत्पादन बलियो भए पनि माग कमजोर रहेको स्वीकार गरेको छ । आर्थिक पुनरुत्थानलाई थप मजबुत बनाउनुपर्ने आवश्यकता अझै कायम रहेको ब्युरोको भनाइ छ ।

चीनको सम्पत्ति क्षेत्रमा लामो समयदेखि देखिएको संकट र उपभोक्ता खर्चमा आएको सुस्तताले सरकारलाई निर्यातमा बढी निर्भर बनाएको छ । तर अमेरिका–इजरायल र इरानबीचको द्वन्द्वका कारण हर्मुज जलघाँटीबाट हुने ढुवानी प्रभावित भएपछि चीनको व्यापारमा नयाँ चुनौती थपिएको छ । उक्त जलमार्गबाट विश्वको करिब पाँचौं भाग तेल र प्राकृतिक ग्यास ढुवानी हुने भएकाले त्यसको अवरोधले ऊर्जा आपूर्ति र व्यापारमा असर पारेको छ ।

यद्यपि केही सूचकले सकारात्मक संकेत पनि देखाएका छन् । जुन महिनामा खुद्रा बिक्री एक प्रतिशतले बढेको छ । यो बजारको अपेक्षाभन्दा राम्रो हो । औद्योगिक उत्पादन पनि ५.३ प्रतिशतले वृद्धि भएको छ । यो अनुमानभन्दा माथि रहेको एनबिएसले जनाएको छ । तर स्थिर सम्पत्ति लगानी भने पहिलो छ महिनामा ५.७ प्रतिशतले घटेको छ ।

इकोनोमिस्ट इन्टेलिजेन्स युनिटका विश्लेषक यू सूले कमजोर घरेलु माग चीनको अर्थतन्त्रको सबैभन्दा ठूलो चुनौती बनेको बताए । उनका अनुसार सरकारले उपभोग बढाउन वित्तीय प्रोत्साहन, न्यूनतम पारिश्रमिक वृद्धि तथा अग्रपंक्तिका श्रमिकको तलब बढाउनेजस्ता उपायमा जोड दिन सक्ने सम्भावना छ ।

अर्का विश्लेषक झाङ झिवेईले भने पहिलो त्रैमासिकमा पाँच प्रतिशतको वृद्धि भएकाले सरकारले तत्काल आफ्नो आर्थिक नीति परिवर्तन गर्ने सम्भावना कम रहेको बताए । उनका अनुसार बलियो निर्यातका कारण चीन अझै वार्षिक वृद्धि लक्ष्य हासिल गर्ने मार्गमै रहेको छ ।

मंगलबार सार्वजनिक अर्को तथ्यांकअनुसार जुन महिनामा चीनको निर्यात २७ प्रतिशतले बढेको थियो । विश्वव्यापी एआई प्रविधिको विस्तारसँगै चिप्स, सेमिकन्डक्टर र कम्प्युटिङ उपकरणको माग बढेकाले निर्यातमा उल्लेख्य वृद्धि भएको हो । सेमिकन्डक्टर निर्यातको मूल्य एक वर्षअघिको तुलनामा दोब्बरभन्दा बढी पुगेको छ भने डाटा प्रशोधन उपकरणको निर्यात ५३.१ प्रतिशतले बढेको छ ।

यद्यपि क्यापिटल इकोनोमिक्सका जुलियन इभान्स–प्रिचर्डले सेमिकन्डक्टर निर्यातको मूल्य वृद्धि मुख्यत: विश्वबजारमा मेमोरी चिपको अभावका कारण मूल्य बढेकाले भएको र वास्तविक निर्यात परिमाण भने घटेको बताएका छन् ।

यसबीच चीनको युरोपेली संघ (इयू) सँगको व्यापारिक विवाद कायम रहेको छ । जुन महिनामा चीनले इयूसँग ३२ अर्ब ९० करोड अमेरिकी डलरको व्यापार बचत कायम गरेको थियो । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको मे महिनाको बेइजिङ भ्रमणपछि अमेरिका–चीन सम्बन्ध केही स्थिर बने पनि चिप प्रविधि, व्यापार असन्तुलन र उच्च प्रविधिसम्बन्धी प्रतिस्पर्धा भने अझै दुवै देशबीचको प्रमुख विवादको विषय बनेका छन् । *रासस⁄एएफपी*

# एआई नियन्त्रण गर्ने कानुन बनाउने अस्ट्रेलियाको घोषणा

**सिड्नी–** अस्ट्रेलियाले ‘आर्टिफिसियल इन्टेलिजेन्स’ एआई प्रयोग गर्न मार्गदर्शन तय गर्न र रचनात्मक प्रतिलिपि अधिकारको रक्षा गर्न आवाश्यक कानुन बनाउने तयारीमा रहेको प्रधानमन्त्री एन्थोनी अल्बनिजले घोषणा गरेका छन् ।




सरकारको नीति तथा कार्यक्रम निर्धारणसम्बन्धी भाषणमा, अल्बेनिजले एआईमाथि जनताको चिन्ता कम गरी यसलाई राष्ट्रिय हिततर्फ अघि बढाउने तरिका अपनाउन सकिने बताएका छन् । एआईमा विश्वास निर्माण गर्न र राष्ट्रिय सुरक्षाको रक्षा गर्न अर्को वर्ष पेस गरिने प्रस्तावित नयाँ कानुनबारे छलफल गर्न अस्ट्रेलियाका राज्य र क्षेत्रका नेताहरूबीच छलफल हुने जनाइएको छ ।

अस्ट्रेलियाले बालबालिकाका लागि सामाजिक सञ्जाल प्रयोगमा प्रतिबन्ध लगाउन अन्य देशहरूको नेतृत्व गरेको उल्लेख गर्दै उनले तर अस्ट्रेलियाको सन्दर्भमा एआईलाई आकार नियमन गर्ने चुनौती अझै ठूलो भएको जनाइएको छ । अमेरिकी स्टार्टअप एन्थ्रोपिकले एआई मोडेलहरूको प्रशिक्षणमा सहयोग गर्न प्रतिलिपि अधिकार कानुन परिवर्तन गर्न अस्ट्रेलियाका अधिकारीहरूसँग समन्वय गरेको कुरा यस हप्ता बाहिर आएपछि अल्बनिजको घोषणा आएको हो ।

यसैबीच संगीतकार, लेखक तथा प्रकाशकहरूले यस्तो दबाबको प्रतिरोध गर्न र आफ्नो कामको रक्षा गर्न सरकारलाई आग्रह गरेका छन् । कुनै पनि कम्पनीले कलाकारको नियन्त्रणविना एआई निर्माण गर्न वा तालिम दिन अस्ट्रेलियाली पुस्तक, संगीत, कला वा समाचार प्रयोग गर्नु नहुने बताउँदै यस्ता कार्यहरू गैरकानुनी भएको उनले बताएका छन् ।

सरकारी तथ्यांकअनुसार मार्चसम्मका तीन महिनामा देशको आर्थिक वृद्धिमा डेटा सेन्टरमा भएको लगानी सबैभन्दा ठूलो योगदान भएको जनाइएको छ । अल्बनिजले सरकारले अस्ट्रेलियाको रोजगार बजारमा एआईको प्रभाव अहिलेसम्म नदेखेको बताएका छन् ।

सरकारले आफ्नो विभागको नीति निरीक्षण गर्न समर्पित कार्यालयसहित एआईप्रति आफ्नो प्रतिक्रिया अगाडि बढाउने उनले बताएका छन् । *रासस⁄एएफपी*

# सुरक्षा परिषद् सुधारमा भारतको जोड

**न्युयोर्क–** भारतले संयुक्त राष्ट्रसंघको सुरक्षा परिषद्को व्यापक सुधार अब थप टार्न नसकिने विषय भएको भन्दै विश्व संस्थाहरूलाई वर्तमान यथार्थअनुकूल बनाउन तत्काल कदम चाल्न आह्वान गरेको छ । भारतले सुरक्षा परिषद्सँगै महासभाको भूमिका सुदृढ गर्न र आर्थिक तथा सामाजिक परिषद् (इकोसोक) लाई थप प्रभावकारी बनाउँदै बहुपक्षीय प्रणालीलाई भविष्यका चुनौती सामना गर्न सक्षम बनाउनुपर्नेमा जोड दिएको छ ।

संयुक्त राष्ट्र महासभाले ‘भविष्यका लागि सम्झौता’को समीक्षा गर्न आयोजना गरेको अनौपचारिक बैठकअन्तर्गत ‘भविष्यका लागि बहुपक्षवाद’ विषयक मन्त्रीस्तरीय गोलमेच कार्यक्रममा संयुक्त राष्ट्रसंघका लागि भारतका स्थायी प्रतिनिधि राजदूत हरिश पर्वथानेनीले वर्तमान विश्व संरचनाले समकालीन वास्तविकता प्रतिविम्बित गर्न नसकेको बताए ।

उनले बहुपक्षवादलाई प्रभावकारी बनाउन सुरक्षा परिषद्को व्यापक सुधार, महासभाको पुनर्जीवन तथा आर्थिक, सामाजिक र वातावरणीय तीनै आयाममा दिगो विकास प्रवर्द्धन गर्न इकोसोकको भूमिका थप सशक्त बनाउन आवश्यक रहेको उल्लेख गरे ।

राजदूत पर्वथानेनीले विश्वका विभिन्न क्षेत्रमा जारी द्वन्द्वप्रति सुरक्षा परिषद्ले प्रभावकारी प्रतिक्रिया दिन नसकेकाले संयुक्त राष्ट्रसंघप्रतिको जनविश्वास कमजोर हुँदै गएको बताए । प्रभावित जनताको पीडा अन्त्य गर्न परिषद् प्रभावकारी हुन नसकेको भन्दै उनले संयुक्त राष्ट्रसंघको मूल उद्देश्य अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा कायम गर्ने क्षमतामाथि नै प्रश्न उठ्न थालेको धारणा व्यक्त गरे ।

उनका अनुसार सुरक्षा परिषद्को कमजोरीको मुख्य कारण यसको पुरानो संरचना हो । सन् १९४० को दशकको विश्व व्यवस्थालाई आधार बनाएर निर्माण गरिएको संरचनाले आजका जटिल चुनौतीको सामना गर्न नसक्ने भन्दै उनले सुधारसम्बन्धी अन्तरसरकारी वार्ता (आइजिएन) वर्षौंदेखि निष्कर्षविहीन छलफलमै सीमित रहेको उल्लेख गरे । कार्यसूचीका महत्त्वपूर्ण विषय अझै कागजमै सीमित रहेको भन्दै उनले यो अवस्था परिवर्तन हुनुपर्नेमा जोड दिए ।

‘भविष्यका लागि सम्झौता’ बारे बोल्दै उनले त्यसमा समावेश केही प्रावधानप्रति भारतको गम्भीर असहमति भए पनि रचनात्मक सोचका साथ उक्त सम्झौतामा समर्थन जनाएको बताए । राजदूत पर्वथानेनीले दिगो विकास लक्ष्य हासिल गर्न पर्याप्त, किफायती र पूर्वानुमानयोग्य वित्तीय स्रोत आवश्यक रहेको उल्लेख गर्दै अन्तर्राष्ट्रिय वित्तीय संरचनामा पनि सुधारको आवश्यकता औंल्याए । अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूलाई अझ प्रतिनिधिमूलक, उत्तरदायी र विकासमुखी बनाउनुपर्ने उनको भनाइ थियो ।

उनले संयुक्त राष्ट्र सुरक्षा परिषद् तथा अन्तर्राष्ट्रिय वित्तीय संस्थासहित विश्वव्यापी शासन प्रणालीमा आवश्यक सुधारका लागि हुने सबै सार्थक प्रयासमा भारतले निरन्तर समर्थन गर्ने प्रतिबद्धता व्यक्त गर्दै वर्तमान र भावी चुनौती सामना गर्न सक्षम, प्रभावकारी र समावेशी अन्तर्राष्ट्रिय संस्थाको निर्माणमा विश्व समुदाय एकजुट हुनुपर्नेमा जोड दिए । *रासस⁄एएनआई*

# मोन्टेनेग्रोको चराको आश्रय संकटमा



**उल्सिन्ज (मोन्टेनेग्रो)–** मोन्टेनेग्रोको उल्सिन्ज सेलिना क्षेत्रमा रहेको भूमध्यसागरकै ठूलो नुन उत्पादन क्षेत्र संरक्षण अभावका कारण तीव्ररूपमा नष्ट हुँदै गएको भन्दै वातावरणविद्हरूले तत्काल पुनःस्थापनाको माग गरेका छन् । उनीहरूका अनुसार समयमै आवश्यक कदम नचालिए युरोपका लागि अत्यन्त महत्त्वपूर्ण प्रवासी चराको प्रमुख विश्रामस्थल गुम्ने जोखिम बढेको छ ।

हरेक वर्ष हजारौं फ्लेमिंगो, पेलिकन तथा अन्य प्रवासी चरा अफ्रिका र युरोपबीचको बसाइँसराइका क्रममा उल्सिन्ज सेलिनामा विश्राम गर्छन् । तर सन् २०१३ मा नुन उत्पादन बन्द भएपछि नुनिलो पानीको व्यवस्थापन रोकिँदा चराहरूको प्राकृतिक बासस्थान क्रमशः बिग्रँदै गएको वातावरणविद्हरूले बताएका छन् ।

वातावरण अभियन्ता जेनेपा लिकाले अहिलेको अवस्थालाई तत्काल सुधार नगरे केही वर्षमै यस क्षेत्रको मौलिक स्वरूप हराउन सक्ने चेतावनी दिए । उनका अनुसार नुन उत्पादन बन्द भएसँगै जलाशयको नियमित व्यवस्थापन रोकिएकाले जैविक विविधता निरन्तर घटिरहेको छ ।

उल्सिन्जमा करिब एक शताब्दीअघि नुन उत्पादन सुरु भएको थियो । नुनिलो पानी पम्प गरेर सञ्चालन गरिने कृत्रिम जलाशयले नुन उत्पादनसँगै प्रवासी चराका लागि उपयुक्त वातावरण पनि सिर्जना गरेको थियो । यही कारण यो क्षेत्र युरोपका प्रमुख चराको बसाइँसराइ मार्गमध्ये एकको महत्त्वपूर्ण विश्रामस्थलका रूपमा विकसित भएको थियो ।

विज्ञहरूका अनुसार सेलिनाले कम्तीमा सात प्रजातिका चराको विश्वव्यापी जनसंख्याको एक प्रतिशतभन्दा बढी हिस्सा आश्रय दिने भएकाले यसको अन्तर्राष्ट्रिय संरक्षण महत्त्व छ । सन् २०१९ मा यस क्षेत्रलाई रामसर महासन्धिअन्तर्गत अन्तर्राष्ट्रिय महत्त्वको सिमसार क्षेत्रका रूपमा सूचीकृत गरिएको थियो । तर कानुनी मान्यता पाए पनि संरक्षणका लागि आवश्यक व्यवस्थापन प्रभावकारी रूपमा हुन नसकेको वातावरणविद्हरूको भनाइ छ ।

स्थानीय बासिन्दाका लागि नुन उद्योग रोजगारी, पहिचान र गर्वको विषय पनि थियो । तर कम्पनी आर्थिक संकटमा परेर बन्द भएपछि विशाल नुन गोदाम, जलाशय र अन्य संरचना जीर्ण बनेका छन् । पूर्व नुन उद्योगका कर्मचारीहरूले संरक्षणसँगै नुन उत्पादन पुनः सञ्चालन गर्नुपर्ने माग गर्दै आएका छन् ।

यसै वर्ष मोन्टेनेग्रो सरकार र उल्सिन्ज नगरपालिकाले करिब ४० लाख युरोको संयुक्त लगानीमा क्षेत्रलाई प्रकृति आरक्षका रूपमा सञ्चालन गर्दै नुन उत्पादन पुनः सुरु गर्ने योजना सार्वजनिक गरेका छन् । युरोपेली संघ (इयू) को सदस्यता प्रक्रियासँग सम्बन्धित वातावरणीय मापदण्ड पूरा गर्न पनि यो परियोजनालाई महत्त्वपूर्ण मानिएको छ ।

स्थानीय पत्रकार मुस्तफा कान्काले प्रस्तावित बजेट पर्याप्त नहुने बताउँदै नुन उद्योग पुनः सञ्चालन र सम्पूर्ण क्षेत्रको पुनर्स्थापनाका लागि यसभन्दा धेरै लगानी आवश्यक पर्ने धारणा राखे । उनले समस्या समाधानका लागि आवश्यक अध्ययन भइसकेकाले अब निर्णय कार्यान्वयनमा केन्द्रित हुनुपर्ने बताए ।

उनका अनुसार लामो समयदेखि भइरहेको ढिलाइका कारण नुन उद्योग सञ्चालनको अनुभव भएका अधिकांश दक्ष जनशक्ति अवकाश लिइसकेका वा निधन भइसकेका छन् । त्यसैले उनीहरूको ज्ञान र अनुभव उपयोग गर्दै पुनःस्थापना प्रक्रिया तत्काल अघि बढाउनुपर्ने आवश्यकता रहेको उनले औंल्याए ।

एएफपीले यस विषयमा स्थानीय तथा केन्द्रीय सरकारसँग प्रतिक्रिया मागे पनि कुनै जवाफ प्राप्त भएको छैन । वातावरण अभियन्ता लिकाले उल्सिन्ज सेलिनालाई चराहरूका लागि ‘हिथ्रो विमानस्थल’ सरहको विश्रामस्थलको संज्ञा दिँदै समयमै संरक्षण र पुनःस्थापना गर्न नसके युरोपकै एक महत्त्वपूर्ण प्राकृतिक सम्पदा गुम्ने चेतावनी दिए । *रासस⁄एएफपी*

**कतारमा रोजगार** कम्पनी : Mudham Contracting Cleaning And services

पूर्व स्वीकृति मिति : २०८३/०३/३१ LT. No. 345081 चलानी नं. ६०२५८२८१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 10 | 10 | 1000 | ४२,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८३ साउन ७ गते (23rd July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने ⁄ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

HAPPY NEPAL EMPLOYMENT PVT. LTD
Maharajgunj-3, 2 No. Gate President House Kathmandu, Nepal, Tel: +977-1-4535733/4538533, Mob: 9847364227
bishwo 984-3560000, subash 980-3050838 , Email: happynepalemployment@gmail.com, Web: www.happynepalemployment.com.np
Branch Office: Prithivichowk -8, Pokhara, Kaski, Mob: 9806625652, Email: happynepalemploymentpvtltdpokh@gmail.com
श्रम ईजाजत नं. ८८३/०६७/०६८

**युएइमा रोजगार** कम्पनी : SHLAL ALMAJRA FACILITIES MANAGEMENTSERVICES

पूर्व स्वीकृति मिति : २०८२/०३/०१ पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०३/३१ LT. No. 326397 चलानी नं. ६०२४०३८५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 85 | 0 | 1000 | ४१,७३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: Kathmandu Metropolitan City, Samakhushi-26,Town Planning मा मिति: २०८३ साउन ७ गते (23rd July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने ⁄ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Proficient Employment Services Pvt.Ltd
KMC-26, Town Planning, Samakhushi, KTM, Contact: 977-5918725/4970500/4970600
श्रम ईजाजत नं. १५८२/०७९/८०

**साउदीमा रोजगार** कम्पनी : AL-NAJM AL-KHAYALI AUTO SERVICES WORKSHOP

पूर्व स्वीकृति मिति : २०८३/०३/३१ LT. No. 344977 चलानी नं. ६०२५८२६७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | WHEELCHAIR ATTENDANT | 1 | 0 | 1200 | ४८,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन ७ गते (23rd July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने ⁄ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Sulav Recruitment Pvt.Ltd.
Govt. License No. 1336/074/075
Maharajgunj, sankhapark, Kathmandu Nepal, Telephone : 01-5903011, Baburam Dahal 9803123205, Mohan Basnet (9707074771)
Email: recruitment.sulav24@gmail.com, Website: www.hrsulav.com

प्रभाव दैनिक National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २८४८०० | प्रति तोला – ० | प्रति तोला – ४४१५ |



**ठेलामा जामुन** | ललितपुर महानगरपालिका-११ इमुखेलस्थित सडकमा व्यापारीले बिक्री गर्न ठेलामा राखिएको जामुन । जामुन प्रतिकिलो रु एक हजारमा बिक्री हुने व्यापारी बताउँछन् ।
*तस्बिरः शशीधर अधिकारी/रासस*

## ‘आर्थिक सुधारका लागि कानुन संशोधनको प्रक्रिया सुरु’

■ प्रभाव संवाददाता

**काठमाडौं–** अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगको सिफारिसअनुसार अर्थसम्बन्धी केही नेपाल कानुन संशोधन तथा खारेज गर्न लागिएको स्पष्ट पारेका छन् ।

प्रतिनिधिसभाको बुधबारको बैठकमा ‘अर्थसम्बन्धी केही नेपाल कानुनलाई संशोधन र खारेज गर्ने विधेयक, २०८३ माथि विचार गरियोस्’ भन्ने प्रस्तावमाथिको छलफलमा उठेका प्रश्नको जवाफ दिँदै उनले आफू अर्थमन्त्री नियुक्त भएकै दिन आर्थिक सुधारमा बाधक बनेका कानुन खारेज गर्ने घोषणा गरेको स्मरण गराए ।

‘सो घोषणालाई मूर्तरूप दिन विधेयक अघि बढाइएको हो,’ उनले भने, ‘संसद्बाट नयाँ कानुन बनाउनुपर्ने हुन्छ भने आवश्यकताअनुसार केही कानुन खारेज पनि गर्नुपर्ने हुन्छ । यही प्रक्रियाअन्तर्गत विधेयक ल्याइएको हो। सरकार आर्थिक सुधारप्रति प्रतिबद्ध छ र घोषणा गरिएका विषयलाई कानुनी रूपमा कार्यान्वयन गर्दै लगिएको छ ।’ उक्त प्रस्तावमाथिको छलफलमा सांसदहरू मञ्जु भुसाल, कृष्णहरि बुढाथोकी, नितिमा भण्डारी (कार्की), अशोककुमार चौधरी, माधवबहादुर थापा, सुशील खड्का, रेनुका काउँचा, विदुषी राणा, नरेन्द्रकुमार केरुङ, मदनकृष्ण श्रेष्ठ, बुद्धिप्रसाद पन्त, साजिदा खातुन सिद्धिकी, हरिप्रसाद भुसाल र पुष्पराज कँडेलले भाग लिएका थिए ।

त्यसअघि अर्थमन्त्री वाग्लेले ‘अर्थसम्बन्धी केही नेपाल कानुनलाई संशोधन र खारेज गर्ने विधेयक, २०८३ माथि विचार गरियोस्’ भन्ने प्रस्ताव प्रस्तुत गरेका थिए । उक्त प्रस्ताव प्रतिनिधिसभाले सर्वसम्मत रूपमा स्वीकृत गरेको थियो ।

### विकास सहकार्यलाई राष्ट्रिय प्राथमिकतासँग जोड्नपर्छः अर्थमन्त्री

**काठमाडौं (प्रस)–** अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले बदलिँदो राष्ट्रिय प्राथमिकता र आवश्यकताअनुसार सरकारले संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडिपी) सँगको विकास सहकार्यलाई अघि बढाउन चाहेको बताएका छन् ।

नेपाल र युएडिपीबीच सहकार्य सुरु भएको ६०औँ वार्षिकोत्सवका अवसरमा बुधबार आयोजित कार्यक्रममा उनले गरिबी निवारण, असमानता घटाउन, दिगो विकास, शिक्षा, स्वास्थ्यलगायत क्षेत्रमा युएनडिपीले पुर्‍याएको योगदान अविस्मरणीय रहेको बताए ।

‘गरिबी निवारण, असमानता न्यूनीकरण, दिगो विकास, शिक्षा, स्वास्थ्यलगायतका क्षेत्रमा संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमको योगदान अविस्मरणीय छ,’ अर्थमन्त्री वाग्लेले भने, ‘आज ६० वर्ष पुगेको यो सहकार्य शताब्दीसम्म निरन्तर रहोस् भन्ने कामना गर्दछु ।’

संयुक्त राष्ट्रसंघको छातामुनि हुने विकास सहकार्य केवल लगानीको रकममा मात्र सीमित नरही अन्तरदेशीय सहकार्य र समन्वयको सशक्त माध्यमका रूपमा रहेको उनले बताए ।

नेपालमा पर्यावरण संरक्षण, लोकतन्त्रको सुदृढीकरण, युवा सशक्तीकरण तथा डिजिटल रूपान्तरणका क्षेत्रमा युएनडीपीले पुर्‍याएको योगदानको सराहना गरे ।

## ३४ लाख ६६ हजार लगानीकर्ता टिएमएसमार्फत सेयर कारोबारमा सक्रिय

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल धितोपत्र बोर्डले हालसालै सार्वजनिक गरेको नेपाल पुँजीबजार विकास मार्गचित्र, २०८३ अनुसार नेपालमा डिम्याट (हितग्राही) खाताको सङ्ख्या ७७ लाख ६६ हजार पाँच सय ६५ पुगेको छ । आर्थिक वर्ष २०७७/७८ सम्म नेपालमा करिब १७ लाख हाराहारीमा डिम्याट खाता खोलिएको थियो । अहिले नेपालको कूल जनसंख्याको २६ प्रतिशतभन्दा बढी लगानीकर्ताको डिम्याट खाता रहेको बताइएको छ ।

डिम्याट खाता सबैभन्दा धेरै बाग्मती प्रदेशमा ३४ दशमलव १३ प्रतिशतले खोलेका छन् भने सबैभन्दा कम  कर्णाली प्रदेशमा दुई दशमलव ९८ प्रतिशतले खोलेका छन् । कोशी प्रदेशमा १८ दशमलव ९३ प्रतिशत, गण्डकी प्रदेशमा १२ दशमलव ४६ प्रतिशत, लुम्बिनी प्रदेशमा १२ दशमलव १४ प्रतिशत, मधेस प्रदेशमा १२ दशमलव ६८ प्रतिशत र सुदूरपश्चिम प्रदेशमा छ दशमलव ६७ प्रतिशतले डिम्याट खाता खालेका छन् ।

नेपाल पुँजीबजार विकास मार्गचित्र, २०८३ अनुसार  मेरो सेयर खाता खोल्ने लगानीकर्ताको संख्या पनि ह्वात्तै बढेको छ । आव २०७७/७८ सम्म मेरो सेयर खाता खोल्ने संख्या सात लाख रहेको थियो । तर, चालु आवको जेठ मसान्तसम्मको अवधिमा भने ६७ लाख ३७ हजार दुई सय ५४ लगानीकर्ताले मेरो सेयर खाता खोलेका छन् । कूल जनसंख्याको २३ प्रतिशतले मेरो सेयरको खाता खोलेका छन् ।

विगत पाँच वर्षको अवधिमा सेयर कारोबार गर्ने (टिएमएस)  खाता खोल्नेको संख्या पनि उल्लेखनीय रूपमा वृद्धि भएको सो प्रतिवेदनमा उल्लेख गरिएको छ । धितोपत्रको दोस्रो बजारमा कारोबार गर्नका लागि प्रत्येक लगानीकर्ताहरूले टिएमएस खाता खोल्नुपर्ने हुन्छ ।

आव २०७७/७८ मा टिएमएस खाता खोल्ने लगानीकर्ताको संख्या करिब ३५ हजार मात्रै रहेको थियो ।  आव २०८२/८३ को जेठ मसान्तसम्म टिएमएस खाता खोल्ने लगानीकर्ताको संख्या भने ३४ लाख ६६ हजार चार सय ९९ जना पुगेको छ । प्रतिवेदनअनुसार सेयर पुँजीबजारमार्फत सरकारलाई प्राप्त हुने पुँजीगत लाभकरबापत प्राप्त हुने राजस्वमा पनि उल्लेखनीय वृद्धि भएको छ ।

आव २०७७/७८ मा  सरकारले पुँजीबजारबाट लाभकरबापत रु १५ अर्ब ५४ करोड राजस्व प्राप्त गरेको थियो । चालु आवको जेठ मसान्तसम्मको अवधिमा सरकारले पुँजीगत लाभकर वापत रु १० अर्ब ७० करोड राजस्व संकलन गरेको छ ।

चालु आर्थिक वर्षमा सेयर बजार ओरालो लागेकाले पनि अपेक्षाकृत पुँजीगत लाभकर उठाउन सकेको छैन । नेपाल पुँजीबजार विकास मार्गचित्र, २०८३ अनुसार नेपालको पुँजी बजारले पछिल्लो तीन दशकमा उल्लेखनीय विस्तार गरेको जनाएको छ । सन् २०२६ सम्म आइपुग्दा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा दुई सय ९७ कम्पनी सूचीकृत रहेका छन् । बजार पुँजीकरण करिब रु ४६ खर्च ५६ अर्ब पुगेको छ । जुन कूल गार्हस्थ्य उत्पादन (जिडिपी) को करिब ७० दशमलव ५२ प्रतिशत बराबर हो ।

## १४ अंकले बढ्यो सेयर बजार

**काठमाडौं (प्रस)–** धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक बुधबार दोहोरो अंकले बढेको  छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक १४ अंकले बढेर दुई हजार ५९० दशमलव २९ मा पुगेको छ । ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक दुई दशमलव ५९ अंकले उकालो लागेर ४५३ दशमलव ९४ मा पुगेको छ ।

त्यस्तै फ्लोट सूचक एक दशमलव ०७ अंकले बढेर १७७ दशमलव ९६ मा पुगेको छ । त्यस्तै, सेन्सेटिभ फ्लोट सूचक भने शून्य दशमलव ९० अंकले बढेर १५३ दशमलव ५० मा पुगेको छ । विभिन्न कम्पनीका ८४ लाख ७३ हजार १६ कित्ता सेयर रु चार अर्ब १७ करोड तीन लाख ९८ हजार ४९ मूल्यमा खरिद बिक्री भएको छ ।

१३ उपसमूहमध्ये ११ उपसमूह बढ्यो भने एक उपसमूह घटेको छ भने अर्को एक उपसमूह स्थिर रह्यो । १९५ कम्पनीको सेयर बढ्यो भने  ६० कम्पनीको सेयर घट्यो ।

त्यसैगरी, १९ कम्पनीको सेयर स्थिर रह्यो । नेप्सेका अनुसार एनएमबी डिबेञ्चर, नारायणी विकास बैंक र थ्रिस्टार हाइड्रोपावर कम्पनीका लगानीकर्ताले कमाएका छन् भने उपकार लघुवित्त वित्तीय संस्था, एनआइविएल स्टेबल फण्ड र एनआइसी एसिया सेलेक्ट फण्डका लगानीकर्ताले गुमाएका छन् ।

## कर्पोरेट

### युनाइटेड अजोड इन्स्योरेन्सको साधारणसभा सम्पन्न



**काठमाडौं (प्रस) –** यूनाइटेड अजोड इन्स्योरेन्स लिमिटेडको ३२ औं वार्षिक साधारण सभा सम्पन्न भएको छ । बुधबार सम्पन्न साधारणसभामा संचालक समितिको वार्षिक प्रतिवेदन, आर्थिक वर्ष २०८१/८२ को यूनाइटेड अजोड इन्स्योरेन्स लिमिटेडको लेखापरीक्षण प्रतिवेदन सहितको लेखापरीक्षण गरिएको २०८१ साल आषाढ मसान्तसम्मको वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण तथा सोसँग सम्बन्धित अनुसूचीहरू सभावाट पारित गरियो । साथै  सञ्चालक समितिबाट पेश गरिएका सबै सामान्य र विशेष प्रस्तावहरू सर्वसम्मतिबाट पारित गरियो ।


त्यस्तै साभाले कम्पनीको आर्थिक वर्ष २०८१/८२ सम्मको वितरणयोग्य मुनाफाबाट हालसम्म चुक्ता भएको पूँजी रु. २ अर्ब ३१ करोडको ४.२८५७ प्रतिशतका दरले हुन आउने रु.९,९०,००,०००/- (अक्षरेपी नौ करोड नब्बे लाख) बराबरको बोनश सेयर तथा सोमा लाग्ने लाभांश कर प्रयोजनाका लागि ०.२२५६ प्रतिशतका दरले नगद लाभांश रु. ५२,१०,५२६।३२ (अक्षरेपी बाउन्न लाख दश हजार पाँच सय छब्बीस पैसा बत्तीस) वितरण गर्ने प्रस्ताव साधारण सभाबाट पारित भएको र  सम्बन्धित निकायहरूको स्वीकृति लिई बोनस सेयर जारि गरिने र तत्पश्चात कम्पनीको जारी तथा चुक्ता पूँजी रु.२,६४,००,००,०००।-(अक्षरेपी दुई अर्ब चौसट्ठी करोड) पुर्‍याउने भएको छ ।

### सन सेक्युरिटिजको निःशुल्क अनलाइन सेयर तालिम हुने

**काठमाडौं (प्रस) –** सन सेक्युरिटिज प्रा.लि.ले वित्तीय साक्षरता अभिवृद्धि गर्ने उद्देश्यले निःशुल्क १० दिने अनलाइन सेयर तालिम सञ्चालन गर्ने भएको छ । काठमाडौं बाहिर तथा विदेशमा रहेर विभिन्न पेशा, व्यवसायमा आबद्ध लगानीकर्तालाई लक्षित गरी आयोजना गर्न लागिएको उक्त तालिम गुगल मिटमार्फत अनलाइन सञ्चालन हुनेछ । तालिममा सेयर बजारसम्बन्धी आधारभूत ज्ञानदेखि उन्नत लगानी रणनीतिसम्मका विषय समेटिने आयोजकले जनाएको छ ।




तालिममा सेयर बजारको आधारभूत विश्लेषण, संस्थागत लगानीकर्ता तथा फण्ड म्यानेजरहरूले सेयर छनोट गर्ने विधि, लगानीमा लिभरेज (मार्जिन कारोबार) को प्रयोग तथा जोखिम व्यवस्थापन, नेपालमा उपलब्ध वित्तीय साधनलगायतका विषयमा प्रशिक्षण दिइनेछ । त्यस्तै, भ्यालु इन्भेष्टिङ तथा मल्टि-बैगर सेयर पहिचान गर्ने तरिका, लगानीमा आर्टिफिसियल इन्टेलिजेन्स (एआई) को प्रयोग, प्राविधिक विश्लेषणअन्तर्गत क्यान्डल, प्याटर्न, चार्ट, ट्रेन्ड तथा विभिन्न इन्डिकेटरको प्रयोगबारे समेत जानकारी दिइनेछ ।




प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ